पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेब्साइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : २८ | २०७० माघ २४ गते शुक्रबार (Feb. 7, 2014) | मूल्य रू. १०/-

## कालोसूचि जाँच्न थाल्यो युरोपले

काठमाडौं । नेपालले ६ थान चिनियाँ जहाज किन्ने निर्णय गर्नासाथ नेपालको उड्डयन समस्यामा प्रश्न गरेर कालो सूचिमा राख्ने युरोपले ६ सदस्यीय जाँच आयोग पठाएर जाँच्न थालेको छ । यो टोलीले २५ गतेसम्म आधा दर्जन वायुसेवाको सुरक्षा नेपालको एयरपोर्टको अवस्थासमेत अध्ययन गर्नेछ । त्यसपछि यो टोलीले उड्डयन व्यवस्था, प्रणाली, जोखिम पहिचान र न्युनिकरणका सबै पक्षको रिपोर्टसहित एवम् वायुसेवा प्रतिनिधिसँग आज (माघ २४) मा छलफल गर्ने कार्यक्रम छ ।

नेपाल कालो सूचिबाट हट्छ, हट्दैन, यसको निर्णय चैत्र २४ गते युरोपेली उड्डयन आयोगको ब्रसेल्स वैठकबाट मात्र प्रष्ट हुनेछ । नेपाल उड्डयन प्राधिकरणका महानिर्देशक रतिसचन्द्र लाल भन्छन्- यो हाम्रो लागि अवसर हो । सुधार भएका (**बाँकी अन्तिम पेजमा**)

# संविधान लेख्ने ठेक्का एनजीओलाई

हकाठमाडौं । संविधानसभा, सरकार, सभामुख, राष्ट्रपतिको निर्वाचन जस्ता विषयमा रणभुल्ल भइरहेको बेलामा संविधानसभा सचिवालयका महासचिव मनोहरप्रसाद भट्टराई र मातहतका कर्मचारी मिलेर संविधानसभा नियमावली एनजीओ मार्फत् बनाएर शुभलाभ लिन सफल भएका छन् ।

आइडिया इन्टरनेशनलकी प्रमुख लिना रिकिलाको प्रभावमा परेर संविधानसभाका महासचिव मनोहर भट्टराईको खाइदेउ टिमले



संविधानसभा नियमावली नेपाल कानुन समाज नामक एनजीओ मार्फत् तयार गराएका हुन् । यो नियम तयार गर्ने विज्ञ समूहका संयोजक 'बदनाम चरित्र' मानिने पूर्णमान शाक्य रहेका थिए । उनका सहयोगीका रूपमा तीर्थमान शाक्य, विपिन अधिकारी, कानुन मन्त्रालयका सहसचिव टेकप्रसाद ढुंगाना र सुशील थारू रहेको स्रोतले बताएको छ । यो नियमावली पुनरावलोकन गर्ने नाममा पनि भ्रष्टाचार भएको छ । टोलीमा लिना लिकिला, कृष्णमान प्रधान, संविधानसभाका महासचिव भट्टराई, सचिव अनुप बराल र सहसचिव मुकुन्द शर्मा रहेको बताइएको छ ।

(**बाँकी अन्तिम पेजमा**)

## पुष्पकमलले बाबुराम र नारायणकाजीलाई जिल्याए

काठमाडौं । डा. बाबुराम भट्टराई र नारायणकाजी श्रेष्ठलाई जिल्याउँदै अध्यक्ष पुष्पकमलले वैशाख १८ गते राष्ट्रिय सम्मेलन गर्ने निर्णय गराएर केन्द्रीय समितिको वैठक टुंग्याएका छन् । भट्टराई र काजीले पालैपालो नेतृत्व गर्ने र कम्तीमा तीन जना वैकल्पिक नेतृत्व तयार गर्ने प्रस्तावसहित राष्ट्रिय महाधिवेशनको माग गरेका थिए । पार्टी खत्तम हुन्छ भन्दै पुष्पकमलले अधिवेशन होइन सम्मेलन गर्ने निर्णय गरेर आफूलाई फाल्न खोज्ने भट्टराई र काजीलाई लोप्पा खुवाइदिएका छन् ।

२२ वर्षदेखि एमाओवादी नेतृत्वमा रहेका पुष्पकमल अझै केही वर्ष एमाओवादीको नेतृत्वमै टिकिरहन सफल भएका छन् । पुष्पकमललाई 'नैतिक पतन, नेतृत्व असक्षम' प्रमाणित गराएर फाल्ने भट्टराई, काजीको रणनीति असफल हुन पुगेको छ । पुष्पकमलले पार्टी नेतृत्वमा टिकिरहन गरेको चलाखी (**बाँकी अन्तिम पेजमा**)

# दाहालका अगाडि भट्टराई निरीह

**अभियान संवाददाता**

काठमाडौं । काठमाडौंमा जारी एमाओवादीको केन्द्रिय समितिको बैठक आगामी बैशाख १८ गतेदेखि राष्ट्रिय सम्मेलन गर्ने निर्णय गर्दै सकिएको छ । उक्त बैठकमा एमाओवादी नेता डा .बाबुराम भट्टराईले पार्टी र सत्ता नेतृत्वमा चक्रिय प्रणाली हुनुपर्ने प्रस्ताव अघि सारेका छन् । अध्यक्ष पुष्पकमल दाहालप्रति लक्षित गर्दै एउटै व्यक्तिमा असीमित शक्ति केन्द्रित गर्ने र वर्षौंसम्म जिम्मेवारीमा रहने परिपाटी अन्त्य गर्न भट्टराईले प्रस्ताव राखेको बताएका छन् । भट्टराईको प्रस्तावलाई पार्टीको राष्ट्रिय सम्मेलन र आगामी महाधिवेशनमा लैजाने सहमति भएको छ ।

केन्द्रिय समितिको बैठकमा नारायणकाजी श्रेष्ठले राखेका नौ बुँदे प्रस्तावलाई अध्यक्ष दाहलाले आफ्नो



प्रस्तावमा समेट्ने र नेता भट्टराईको ११ बुँदे प्रस्तावलाई पार्टीके सम्पत्तिका रूपमा स्वीकार गर्दै तल्लो कमिटीसम्म लैजाने



प्रतिबद्धता जनाएपछि दाहलले केन्द्रिय समितिमा राखेको प्रस्ताव परिमार्जन हुने

(**बाँकी अन्तिम पेजमा**)

## ग्रिनकार्ड र पिआर लिनेमाथि कारबाही गर

**अभियान संवाददाता**

काठमाडौं । विभिन्न सञ्चार माध्यममा विदेशमा बसोबासको अनुमति लिएका ( ग्रिनकार्ड/पिआर) सरकारी उच्चपदमा बसेर जागिर खाइरहेका समाचारहरू प्रकाशित भएपछि मुख्यसचिवले त्यसप्रति चासो देखाउँदै त्यस्ता व्यक्तिहरूको नामावली संकलन गर्न सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिएका थिए । मुख्यसचिवको निर्देशनपछि सामान्य प्रशासन मान्त्रलायले एक सार्वजनिक सूचना प्रकाशित गरेर त्यस्ता व्यक्तिहरूले मन्त्रालयलाई जानकारी गराउन भने पनि हालसम्म एक जनाले पनि जानकारी गराएका छैनन् । पछिल्लो समयमा तिनै विदेशमा बसोबासको अनुमति



लिएका व्यक्तिहरू सचिव बढुवाको सिफारिसमा परेपछि सबैतिर हल्लीखल्ली

(**बाँकी अन्तिम पेजमा**)

## एमाओवादी भ्रष्टाचारी र तस्करीको अखडा

काठमाडौं । तत्कालीन नेकपा माओवादीका पूर्वलडाकुहरूलाई शिविरमा राख्दा त्यहाँ उनीहरूले पाउने तलबभत्तामा पार्टी केन्द्रिय नेतृत्वले व्यापक भ्रष्टाचार गरेको भन्दै बहिर्गमित जनमुक्ति सेना नेपालले हालको एमाओवादी पार्टी भ्रष्टाचार र तस्करीको अखडा बनेको आरोप लगाउँदै शक्तिको आडमा गरिएको अर्बौंको भ्रष्टाचारको विवरण राज्यले तत्काल छानविन नगरे अन्तिम अस्त्रको रूपमा हतियार उठाउने चेतावनी दिएको छ ।

गत शनिवार एक सार्वजनिक कार्यक्रम अयोजना गरी पत्रकार सम्मेलन गरेरै उनीहरूले भने आफुहरू शान्तिपूर्ण तरिकाले पार्टीले गरेको भ्रष्टाचारको मुद्दा किनारा लगाइयोस् भन्ने चाहान्छौं । राज्य र सम्बन्धित निकायले यो मुद्दालाई वेवास्ता गर्छ भने हामी युएन र अन्तर्राष्ट्रिय निकायमा र त्यस्तै अवस्था आए फेरि बन्दूक र बारूदसँग खेल्न तयार रहेको भन्दै आवश्यक परे आफूहरू फेरि अन्तिम अस्त्रका रूपमा हतियार उठाउन बाध्य हुने उद्घोष गरेका छन् । बहिर्गमित जनमुक्ति सेना नेपालका अध्यक्ष लेनिन विष्टले आफूले भ्रष्टाचारको मुद्दा उठाउँदा आफूलाई तत्कालीन डा.बाबुराम भट्टराई नेतृत्वको सरकारले विभिन्न झुठा मुद्दा लगाएर एक वर्षसम्म जेल बस्न बाध्य बनाएको भन्दै अब ४ हजार बहिर्गमित लडाकुलाई पार्टीले गरेको भ्रष्टाचारको (**बाँकी अन्तिम पेजमा**)

## कांग्रेसलाई गोल्छाको करोड

काठमाडौं । मुस्ताङ गाडी चढाएर विजनेस बढाउने गोल्छाले ५ करोड एमाओवादीलाई दिएको थियो भन्ने चर्चा सेलाएको छैन । कांग्रेस सत्तामा उक्लन लागेको बेलामा गोल्छाले कांग्रेसलाई करोड कबुलेको खबर सार्वजनिक भएको छ । गोल्छाको साइड विजनेस भनेकै सत्ताधारीलाई पैसा चटाएर काम लिनु हो ।

गिरिजा सरकारमा हुँदा २३ करोडमा किनेको भृकुटी कागज कारखाना तीन वर्षदेखि बन्द राखेर कारखानाले चर्चेको जग्गा ५ अर्बमा बेच्ने तयारी गोल्छाले गरेको छ । त्यो कामको विरोध नहोस् भनेर एक करोड कांग्रेसलाई गोल्छाले प्रसाद चढाउन लागेको हो ।

## अधिकारी दम्पत्तिले प्राण त्यागे सरकार नै दोषी

काठमाडौं । केही दिन पहिला त्रिभुवन विश्वविद्यालय चिकित्सा शास्त्रमा माफियातन्त्र हावी भएको भन्दै डा.गोविन्द केसीले आमरण अनशन बसेपछि मुलुक नै हल्लिएको थियो । मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीलगायत सरकारी उच्चतहका पादधिकारीहरू केसीको अनसन तोडाउन शिक्षण अस्पताल नै पुगेका थिए । अनशनमा बसेका केसीको माग पुरा गराउने भन्दै अनशन तोडाएपनि अहिलेसम्म कुनै माग पुरा गरिएका छैनन् । डा.शशी शर्मालाई डिनबाट मुक्त गरिएपनि डा.शर्माको डिन हुने सम्भावना भने जीवितै रहेको छ ।

२०६१ सालमा तत्कालीन माओवादीले गोरखा फुजेलका कृष्णप्रसाद अधिकारीलाई अपहरण गरी हत्या गरेका हुनलो हत्यामा संलग्न भएकाहरूलाई कारबाहीको माग गर्दै पटक पटक न्याय माग्दा समेत न्याय पाउन नसकेपछि अधिकारीका बाबुद्दआमा नन्दप्रसाद



अधिकारी र गंगामाया अधिकारी आमरण अनशनमा बसेको सय दिनभन्दा बढी भएपनि उनीहरूको मागको कुनै सुनुवाई नभएपछि अधिकारी दम्पत्तीको जीवनरक्षाका लागि आफन्तहरूले सरकारसँग माग गरेका छन् । अधिकारी दम्पत्तिका आफन्तले शनिबार चितवनको रत्ननगरमा दिउँसै मैनवत्ति बालेर सांकेतिक रूपमा विरोध जनाउँदै नौ वर्षअघि हत्या गरी लास फालिएको स्थान रत्ननगर बबुलहरचोकमा मैनवत्ती बालेका थिए ।

(**बाँकी अन्तिम पेजमा**)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– *अभियानवाणी*

अभियान
साप्ताहिक

## सम्पादकीय

# मन्त्रिपरिषद् गठन ढिलाइमा संविधान नै बाधक

*मंसिर ४ मा सम्पन्न भएको संविधानसभाको दोस्रो निर्वाचनपछि झण्डै अढाई महिनासम्ममा पनि मुलुकले निर्वाचित सरकार पाउन सकेको छैन । नेपालको अन्तरिम संविधानअनुसार राष्ट्रपति डा.रामवरण यादवले चुनाव सम्पन्न भएको दुई महिना ८ दिनपछि राष्ट्रिय सहमतिको सरकार निर्माण गर्न प्रधानमन्त्रीको नाम सिफारिस गर्न दलहरुलाई माघ १२ गते आह्वान गरेपनि दलहरुले राष्ट्रिय सहमति गर्न सकेनन् र राष्ट्रपति आदेश हावामै उड्यो आखिरी किन यस्तो भयो त ? नेपालको अन्तरिम संविधानको धारा ३८ को उपधारा (१) मा दलहरुको सहमतिमा राष्ट्रिय सहमतिको सरकार निर्माण गरिनेछ भन्ने ब्यवस्था नै गलत भएको हुनाले मुलुकले चुनाव सम्पन्न भएको लामो समयसम्म निर्वाचित सरकार पाउन नसकेको हो । राष्ट्रिय सहमतिका लागि संविधानसभा/ब्यवस्थापिका संसदमा पुगेका अहिलेका सबै ३० दल र २ जना स्वतन्त्र सभासद्हरुको सहमति आवश्यक हुन्छ जो कहिल्यै सम्भव हुँदैन । कुनै एउटा दलले समेत विरोध जनाएको खण्डमा त्यसलाई राष्ट्रिय सहमति भन्न सकिने अवस्था नभएको हुनाले सरकार निर्माणमा वर्तमान अन्तरिम संविधान नै बाधक रहेको प्रष्ट रहेको प्रष्ट भएको छ ।*

*सहमतीय सरकार निर्माण गर्न दलहरु असक्षम र असफल भएपछि अब अन्तरिम संविधानको धारा ३८ को २ अनुसार बहुमतीय सरकार निर्माण हुने पक्कापक्की भएको छ । पहिलो संविधानसभा/ब्यवस्थापिका संसदमा समेत १८ पटकसम्म प्रधानमन्त्रीको चुनाव भएको थियो । त्यस बेला पनि दलरुले सहमति गर्न सकेका थिएनन् । त्यसै कारण अब दलहरुले बहुमतीय भएपनि भरिसक्ये धेरै दलहरुको सहभागिता रहेको सहमतीय सरकार निर्माण गरी अघि बढेको खण्डमा संविधान निर्माण प्रक्रियालाई अघि बढाउन मद्दत पुग्दछ । सरकार निर्माण जति स्वाभाविक र सरल प्रक्रियाबाट अघि बढ्छ त्यसले संविधान निर्माणको कार्यलाई सहमति जुटाउन मद्दत पुग्दछ । पहिलो संविधानसभाले संविधान निर्माण गर्न किन सकेन भन्दै त्यसबेला दलहरुले गरेका गल्ती र कमीकमजोरीहरुलाई सच्याउँदै ठूला दलहरु अघि बढेको खण्डमा मात्र एक वर्षभित्रमा संविधान निर्माण हुन सक्छ ।*

*२०४७ सालको संविधानलाई विश्वको उत्कृष्ट संविधान स्वीकार गरिएको थियो । त्यसबेला उक्त संविधानमा ब्यवस्था भएको मन्त्रिपरिषद् गठनको पक्रियालाई अन्तरिम संविधानले स्वीकार गरेको भए मुलुकले अहिले संकटपूर्ण अवस्था ब्यहोर्नु पर्ने थिएन । २०४७ सालको संविधानको धारा ३६ (१) मा मन्त्रिपरिषद्को गठन श्री ५ बाट प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गरी निजको नेतृत्वमा मन्त्रिपरिषद् गठन गरिबक्सने छ भन्ने उल्लेख गरिएको थियो । सोही संविधानको धारा ४२ मा मन्त्रिपरिषद् सम्बन्धी विशेष ब्यवस्था (१) प्रतिनिधिसभामा कुनै दलले स्पष्ट बहुमत प्राप्त गर्न नसकेको अवस्थामा श्री ५ बाट दुई वा दुई भन्दा बढी दलको समर्थनमा प्रतिनिधिसभाका सदस्यहरुको बहुमतको विश्वास प्राप्त सदस्यहरुलाई प्रधानमन्त्री पदमा नियुक्त गरिबक्सनेछ भन्ने ब्यवस्था गरिएको थियो । (२) उपधारा १ बमोजिम कुनै सदस्यले प्रतिनिधिसभामा सदस्यहरुको बहुमत प्राप्त गर्न नसकेको अवस्थामा श्री ५ बाट सबैभन्दा बढी सदस्य भएको संसदीय दलको नेतालाई प्रधनमन्त्री पदमा नियुक्त गरिबक्सनेछ । (३) उपधारा (१) र (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले ३० दिन भित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने छ । (४) श्री ५ बाट उपधारा (२) बमोजिम गठन गरिबक्सेमा मन्त्रिपरिषद्ले प्रतिनिधिसभाको समर्थन प्राप्त गर्न नसकेको खण्डमा श्री ५ बाट प्रतिनिधिसभा विघटन गरी ६ महिनभित्रमा अर्को निर्वाचन गराउन आदेश जारी गरिबक्सनेछ भन्ने ब्यवस्था भएकोले त्यसबेला सरकार गठन गर्न कुनै कठिनाई थिएन ।*

*२०४७ सालको संविधानमा ब्यवस्था भएका कतिपय महत्वपूर्ण विषयहरुलाई दलहरुले अन्तरिम संविधान बनाउँदा त्यसतर्फ ध्यान पुऱ्याउन सकेनन् । त्यसबेला उनीहरुले जसरी भएपनि राजतन्त्रलाई मात्र उन्मूलन गर्ने गरी हचुवाको भरमा संविधान निर्माण गरेका हुनाले अहिले संकट आएको हो । अन्तरिम संविधान आफैंमा अन्तरिम अर्थात् छोटो समयको लागि मात्र हुने भए पनि विश्वमा कहिँकतै पनि नभएको अन्तरिम संविधान १३ औं पटक संशोधन गरिएको छ । १३ औं पटक संविधान संशोधन गर्न पनि मुल मुद्दामा दलहरुले ध्यान पुऱ्याउन सकेनन्, त्यसैको परिणाम अहिले मुलुकले भोगिरहेको छ । २०४७ सालको संविधानमा ब्यवस्था भएनुसारको मन्त्रिपरिषद्को गठन सम्बन्धी प्रस्ताव अन्तरिम संविधानमा ब्यवस्था गरेको भए पहिला नै मुलुकले निर्वाचित सरकार पाइसक्ने थियो । अब आउँदो संविधान निर्माणमा मन्त्रिपरिषद् गठन सम्बन्धी ब्यवस्थामा दलहरुले त्यसमा होस पुऱ्याउनै पर्दछ भन्ने हामीले ठानेका छौं ।*

# कोइरालाको सफलता र असफलता उनकै हातमा

***देवेन्द्र चुडाल***

संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न भएको झन्डै तीन महिनापछि बहुमतीय सरकार निर्माण हुने संवैधानिक प्रक्रिया सुरू भएको छ । दलहरूले सहमतीय सरकार निर्माण गर्ने अभ्यास गरे पनि दलहरूकै असफलता र अकर्मण्यताका कारण सहमतीय सरकार निर्माण हुन सकेन । सहमतीय सरकार निर्माण हुन नसक्नुमा नेपालको अन्तरिम संविधानसमेत बाधक रहेको प्रष्ट भएको छ । अन्तरिम संविधान निर्माण गर्दा र पटक-पटक संविधान संशोधन गर्दासमेत दलहरूले मन्त्रिपरिषद् गठन सम्बन्धी प्रक्रियालाई मध्यनजर गर्न नसकेका कारण सरकार निर्माणमा ढिलाइ भएको हो । मन्त्रिपरिषद गठन सम्बन्धी संवैधानिक व्यवस्था २०४७ सालको संविधानमा प्रष्ट रूपमा व्यवस्था गरिएको भए पनि अन्तरिम संविधानमा त्यस्तो प्रावधान राखिएको थिएन । निर्वाचन सम्पन्न भइसकेपछि बहुमत प्राप्त गर्ने दलले मन्त्रिपरिषद् गठन गर्ने र कुनै दलले बहुमत नल्याएको खण्डमा दुई वा दुईभन्दा बढी दलको सहयोगमा संसद्मा बहुमत प्राप्त गर्ने व्यक्तिलाई मन्त्रिपरिषदको गठन गर्न राष्ट्रप्रमुखबाट आदेश दिएर संसदमा ३० दिनभित्रमा विश्वासको मत लिने व्यवस्था संविधानमा गरिएको भए मुलुकले पहिला नै निर्वाचित सरकार पाइसक्ने थियो । तर त्यस्तो व्यवस्था गर्न दलहरू चुकेका हुनाले निर्वाचन सम्पन्न भएको झन्डै तीन महिनासम्ममा पनि मुलुक कामचलाउ सरकारको भरमा संचालन हुनु मुलुक र नेपाली जनताकै लागि दुर्भाग्यको विषय हो ।

संविधानसभाको दोस्रो निर्वाचनमा नेपाली कांग्रेस सबैभन्दा ठूलो दल भएको छ । संविधानसभा/व्यवस्थापिका संसदमा सबैभन्दा ठूलो दल भएको नाताले उसले अब सरकार निर्माणको जिम्मेवारी समेत पाए पनि कांग्रेसभित्रको आन्तरिक द्वन्द्वले गर्दा सरकार गठन नहुँदै कांग्रेस नेतृत्वको सरकार कति महिना टिक्छ भन्ने चर्चा परिचर्चासमेत सुरू भएका छन् । नेपाली कांग्रेस त्यस्तो पार्टी हो जसले बहुमत पाए पनि उसले कहिल्यै पूरा समय सरकार संचालन गर्न सकेको छैन । २०४८ सालको चुनावमा होस् अथवा अन्य चुनावमा होस्, उसलाई नेपाली जनताले विश्वास गरेर बहुमत दिए पनि कांग्रेसले जनताले बोकाइ दिएको भारी बोक्न सकेको इतिहास छैन । पटक-पटक जनताले विश्वास गरेर उसलाई सत्तामा पुऱ्याइदिए पनि कांग्रेस आफ्नै कारणले गिरेको छ । गिरिजाप्रसाद कोइरालाले आफ्नै पार्टीका नेताहरूलाई विश्वासमा लिन नसकेका कारण संसदमा बहुमत हुँदाहुँदै पनि मध्यावधी चुनावको घोषणा गरे । २०५१ सालमा कोइरालाले नै कांग्रेसलाई विखण्डनको बाटोमा लगेका थिए । त्यसपछि कांग्रेसभित्र ७४ र ३६ जमात भएर एक अर्काप्रति आरोप-प्रत्यारोप नै चलेको इतिहास हाम्रै सामु रहेको छ । अहिले समय र परिस्थिति फेरिएको छ । २०६४ सालको संविधानसभाको पहिलो निर्वाचनमा प्रत्यक्षतर्फ नराम्रो हार खाए पनि समानुपातिकतर्फबाट उसले राम्रै मत पाएर तत्कालीन संविधानसभामा ११४ सभासदलाई उपस्थित गराउन सफल भएको थियो । दोस्रो संविधानसभाकाको निर्वाचनमा उसले प्रत्यक्षतर्फ नै १०५ स्थानमा चुनाव जितेर समानुपातिकबाट ९६ सिटमा जीत हासिल गर्न सफल भएको कांग्रेस संसदीय दलको नेता चुन्नै नसक्ने अवस्थामा पुग्यो । आफ्नै पार्टीभित्र सहमति गर्न नसक्ने कांग्रेसले बाध्य भएर संसदीय दलको नेता चुन्न मतदान प्रक्रियामा नै जानुपऱ्यो । पार्टी सभापति सुशील कोइराला र पार्टीका वरिष्ठ नेता शेरबहादुर देउवा संसदीय दलको नेताको उम्मेदवार बने पनि पार्टी सभापति कोइराला नै संसदीय दलको नेता चुनिए । पार्टीभित्र देउवा पक्षले आफ्नो पकड मजबुत बनाएको देखियो । चुनावको बेला कोइराला र देउवा पक्षबीच ६० र ४० प्रतिशतको आधारमा भागवण्डा गरिएको भए पनि संसदीय दलको नेताको चुनावमा देउवाले ४६ प्रतिशत मत ल्याएका हुनाले अब देउवालाई वेवास्ता गरेर कोइरालाले हिजोको गिरिजाप्रसादले सरकार चलाए जस्तै गरी सरकार र पार्टी संचालन गर्न खोजेको खण्डमा कोइराला नेतृत्वको सरकार छोटो समयमा नै विघटन हुन सक्ने सम्भावना जीवितै रहेको छ ।

आफ्नै पार्टीभित्र सहमति गर्न नसकेका कोइरालाको लागि अन्य दलहरूलाई सहमतिमा ल्याएर संयुक्त सरकार संचालन गर्नु फलामको चिउरा चपाउनु सरह देखिएको छ । कोइरालाको अगाडि समस्यै समस्याका पहाडहरू थुप्रिएका छन् । संविधानसभाको दोस्रो ठूलो दल भएको नेकपा एमालेले संविधानसभाको चुनाव सम्पन्न भएको केही दिनभित्रैमा राष्ट्रपति र उपराष्ट्रपतिको चुनाव हुनुपर्ने अडान कायम राखेको र संसदीय दलको नेता केपी ओली लगायत सिंगो पार्टीले राष्ट्रपतिको चुनाव हुनुपर्ने अडान कायम राखेको खण्डमा कांग्रेससँग एउटा विकल्प मात्र बाँकी रहन सक्छ । कि त राष्ट्रपतिको चुनावमा सहमत हुनु यदि होइन भने अर्को कम्युनिस्ट पार्टी एमाओवादीको साथ लिएर अन्य साना दलको समर्थनमा सरकार निर्माण गर्नु । सरकार संचालन गर्दै संविधान निर्माणको कार्यलाई अघि बढाउने दायित्व र कर्तव्य पनि कांग्रेसकै थाप्लोमा पर्ने भएको हुनाले सोच विचार र सहमतिको आधारमा अघि बढ्ने प्रयास गरे मात्र कांग्रेस नेतृत्वमा सरकार निर्माण भएको सार्थकता रहन सक्छ । सभापति सुशील कोइरालाले सर्वप्रथम आफ्नै पार्टीभित्रको देउवा पक्षको समर्थन लिनु पहिलो आवश्यकता हो । आफ्नो पार्टीको समर्थन लिएर देउवा पक्षलाई सम्मानजनक रूपमा सरकारमा सहभागी गराएको खण्डमा मात्र सुशील कोइराला नेतृत्वको सरकारले अन्य दलहरूसँग सहमति गर्न सक्छ ।

संविधानसभाको पहिलो दायित्व र कर्तव्य भनेको एक वर्षभित्रमा संविधान निर्माण गर्नु नै हो । चुनावको बेला प्रायः सबै दलहरूले एक वर्षभित्रैमा नेपाली जनतालाई संविधान दिने प्रतिवद्धता जनाइसकेका हुनाले एकवर्षभित्रमा नेपाली जनताले संविधान पाउनै पर्दछ । संविधानसभा/व्यवस्थापिका संसदमा उपस्थित भएका ३० वटै ठूला दल र दुई स्वतन्त्र सभासद समेत रहेका हुनाले ती सबैको सहमतिमा संविधान निर्माण गर्दछौं भन्ने कुनै दलले सपना देखेको भए त्यो त्यस दलको लागि भूल मात्र नभएर महाभूल हुनेछ । विश्वका कुनै पनि मुलुकहरूमा आजसम्म सर्वसम्मत संविधान निर्माण हुन सकेको छैन । सबै दलको सहमति खोज्ने प्रयास गर्दै संविधान निर्माण हुन सकेको छैन । सबै दलको सहमति खोज्ने प्रयास गर्दै संवैधानिक प्रक्रिया अनुसार संविधान निर्माणको कार्यलाई अघि बढाउँदै संविधान निर्माणलाई प्राथमिकता दिँदै अघि बढ्ने प्रयासमा सरकार गठन भएपश्चात नै दलहरू लाग्नै पर्दछ । हिजोको संविधासभाले गरेका निर्णयहरूको स्वामित्व अहिलेको संविधानसभाले ग्रहण गर्नुपर्दछ/पर्दैन भन्ने विवादमा दलहरू अब अलमलिनु भनेको एकवर्ष भित्रमा संविधान निर्माण गर्न नचाहनु नै हो । संविधानसभा/व्यवस्थापिका संसद आफैँमा सार्वभौमसत्ता सम्पन्न भएको हुनाले र ताजा जनादेश समेत लिएर जनताका प्रतिनिधिहरू संसदमा पुगेका हुनाले हिजोको असफल र असक्षम संविधानसभाले गरेका निर्णयहरूको स्वामित्व कुनै हालतमा पनि लिइनु उचित हुँदैन । सार्वभौमसत्ता संविधानसभा र व्यवस्थापिका संसदमा सभासदहरूले आफ्नो स्वविवेक प्रयोग गर्न पाउनै पर्दछ ।

हिजोको संविधानसभाले किन संविधान निर्माण गर्न सकेन, त्यसका अवरोधहरू के के हुन् भनेर संविधानसभा/व्यवस्थापिका संसदमै व्यापक छलफल र बहस चलाइनु पर्दछ । हिजो संविधान निर्माणमा अवरोध भएका विषयहरूका बारेमा दलीय सिन्डिकेट बनाएर संविधानसभाभन्दा बाहिर गएर कुनै अँध्यारो कोठामा बसेर निर्णय गर्ने अनि त्यही निर्णयलाई संविधानसभाको वैठकमा प्रवेश गराएर संविधानसभाका सभासदहरूलाई ताली ठोक्ने काम मात्र दिने प्रयास अब कुनै हालतमा पनि गरिनु उचित हुँदैन । समस्याको समाधान गर्ने थलोको रूपमा संसदलाई हेरिएको खण्डमा मात्र समस्याको समाधान हुनसक्छ । हिजो चार दलीय सिन्डिकेट बनाएर चार दलले मात्र निर्णय गर्ने प्रयास गरेका थिए । पहिलो संविधानसभामा सबैभन्दा ठूलो पार्टी भएको एमाओवादी त्यसैका कारण विभाजित भयो । उसले एकल जातीय पहिचानका आधारमा संघीयतामा जानुपर्दछ भनेकै कारण उसलाई जनताले दोस्रो संविधानसभाको चुनावमा तेस्रो दल बन्न बाध्य बनाइदिए । कांग्रेस-एमालेका बीचमा केही मुद्दाहरू मिलेका र कांग्रेस एमालेलाई साथ दिने धेरै दलहरू संविधानसभामा पुगेका हुनाले कांग्रेस-एमालेले चाहेको खण्डमा अहिले संविधान बन्न सक्ने प्रवल मात्र होइन पुरै सम्भावना देखिएको छ । हिजो कांग्रेस-एमालेले चाहेर पनि संविधान निर्माण हुन सक्ने अवस्था थिएन । अहिले ठीक त्यसको विपरित एमाओवादीले नचाहे पनि संविधान निर्माण हुन सक्ने अवस्था भएको हुनाले त्यसको सदुपयोग गर्न कांग्रेस-एमाले चुकेको खण्डमा उनीहरूलाई समय र नेपाली जनताले कहिल्यै माफ गर्न सक्दैनन् ।

अब संविधान निर्माण गर्ने क्रममा सर्वप्रथम हिजोका विवादित विषयहरू शासकीय स्वरूप, कार्यकारी राष्ट्रपति कि प्रधानमन्त्री, संघीयता कस्तो हुने र कति प्रदेश हुने जस्ता विषयहरूबाटै प्रवेश गर्नु उचित हुनेछ । ठूला र विवादित मुद्दाहरूको टुंगो लागिसकेपछि अन्य साना मुद्दाहरू आफैँ मिल्न सक्छन् । त्यस्ता साना विवादित मुद्दाहरूले खासै असर नपर्ने र त्यस्ता मुद्दाहरूले समय धेरै लिन नसक्ने भएको हुनाले संविधान निर्माणका कार्य पहिला विवादित र ठूला मुद्दाहरूबाटै सुरू गरेर क्रमशः त्यस्ता मुद्दाहरूको टुंगो लगाउँदै अघि बढेको खण्डमा संविधान निर्माणले प्राथमिकता पाउन सक्छ । संवैधानिक व्यवस्थाबाहेक अन्य कुनै प्रकारका संयन्त्रहरूको आवश्यकता अब देखिनु हुन्न । पहिला गठन गरिएको उच्चस्तरीय राजनीतिक संयन्त्र विघटन गरी सबै दलका शीर्ष नेताहरू रहने संवैधानिक समितिलाई सक्रिय बनाइनु नै उचित हुनेछ । कुनै एक दल वा अन्य दलहरूलाई ठूला भनिएका दलहरूले निषेध गर्न खोजेको खण्डमा त्यसले संविधान निर्माणमा अवरोध पुऱ्याउन सक्ने भएको हुनाले अब गठन हुने मन्त्रिपरिषदले त्यसतर्फ ध्यान पुऱ्याउनै पर्दछ । मन्त्रिपरिषदले गर्ने निर्णयहरू पनि पारदर्शी हुनै पर्दछ । साना दलका प्रतिनिधिहरूले लगेका वा दिएका विचारहरूलाई साना दलको भनी हेपिएको खण्डमा त्यही अवरोधको कारण बन्न सक्ने भएको हुनाले यी सबै समस्याहरूको समाधान गर्दै सुशील कोइराला नेतृत्वको सरकार अघि बढेमात्र अहिलेसम्मको कोइरालाको त्याग र निष्ठाको राजनीतिले सार्थकता पाउन सक्छ । यदि त्यसो नभएको खण्डमा कोइराला पनि प्रधानमन्त्री रूपमा मात्र चिनिने छन् र उनी पनि सिंहदरबारभित्र प्रधानमन्त्रीको फोटो झुन्डाउने ठाउँमा आफ्नो फोटो झन्डाउनेबाहेक अन्य कार्यका लागि असफलताको नायकका रूपमा मात्र चिनिन्छिन् । कोइरालाको स्वाभाव हेर्दा उनी आफ्नै स्वाभावका कारण असफल हुने सम्भावना पनि त्यत्तिकै रहेको एक कांग्रेसी नेताले बताएका हुनाले कोइराला अब कसरी अघि बढ्छन्, असफल र सफल हुने उनैको हातमा रहेको छ ।

*devendrachudal@gmail.com*

# संविधानसभा कि राष्ट्रिय नाचघर ?



राजन कार्की

संविधानसभा कि राष्ट्रिय नाचघर ? छुट्याउन सकिन्न । किनकि संविधान लेख्न गएकाहरू एजेण्डाबिहीन बनेर दुई मिनेटमै बैठक सक्न थालेका छन् । ठूला दलहरू अझै परिपक्व भएका रहेनछन् । विवेकीहरू ठेस लागेर पीडाबोध गरिसकेपछि बिर्सेर पनि खुट्टा लतारेर हिड्दैनन् । ०६४ साल चैत २८ को संविधानसभा ४ वर्षमा बिघटन हुनपुग्दा घाइते अनुभव गरेका शीर्ष दलहरू नै ०७० सालको संविधानसभाको दोस्रो निर्वाचनका मुख्य पात्रहरू हुन् तर फेरि पनि उनीहरू पहिलेको ठेस र पीडाबोध बिर्सेर सत्ता छिनाझप्टीकै अध्यासमा अभ्यस्त हुनथालेका छन् । परिपक्वता आएका भए मुख्य दलहरू यसरी काँचो चरित्र देखाउने थिएनन् ।

लोकतान्त्रिक गणतन्त्र भनेको नैतिक चरित्र नभएर सत्तासीन हुने प्रवृत्तिमात्र हो ? राजनीति वनारसको छाडा गल्ली र राजनेता भनेको बाइफाले बेश्याजस्तो हुनसक्छन् ? भनिन्छ, बेश्या र डाँकामा पनि इमान जमान हुन्छ । उनीहरू त्यो रेखा कहिल्यै नाघ्दैनन् । गजब छ, हाम्रा नेताहरूले ०६३ साल वैशाख ११ गतेदेखि अभ्यास गरेको लोकतन्त्रलाई ०७० सालमा आइपुग्दा पनि लज्जाहीन बनाइरहेका छन् । देश सम्मानित संविधानको माग गरिरहेको छ, एकवर्षमै संविधान लेख्छौं भनेर अङ्भर गरेका जिम्मेवार नेताहरू संविधान छाडेर आफू-आफू र एक-दोस्रालाई छिर्की हानाहान गरेर समय बिताइरहेका छन् । यी शीर्ष नेता हुन् कि अदृश्य अभिष्ठबाट परिचालित शिखण्डी पात्र ? संशय गर्नसकिने प्रशस्त आधारहरू छन् ।

मंसिर ४ को निर्वाचन आएपछि घण्टाभरमै ठूला दलहरूले संसदीय दलको नेता छान्नुपर्थ्यो र जनादेश सहमतीय सरकार गठन गरेर सहमतिबाट संविधान लेख्नु भन्ने स्पष्ट भइसकेको स्थितिमा सहमतीय सरकार गठन गरिहाल्नुपर्थ्यो । यसरी झण्डै ३ महिना समय खेर फाल्नु हुन्नथ्यो । अझै पनि सरकार गठन गर्न थरि थरिका सर्त बन्देजसहितको च्याँखे थाप्ने, छिर्की हान्ने असह्य चर्को राजनीति खेलहरू दृश्य अदृश्य रूपमा चलिरहेकै छन् । जनताले खोजेको नयाँ संविधान लेखन प्राथमिक विषय बनेकै छैन । यस्तो घटनाक्रमले एकवर्षमा संविधान लेखिन्छ भनेर विश्वास गर्न सकिन्न, भएको विश्वास मर्दै जान थालेको छ ।

नेपाली कांग्रेस सबैभन्दा ठूलो दल बनेको छ । यो दलका सभापतिलाई संसदीय दलको नेता हुन दिन्न भनेर बरिष्ठ नेता शेरबहादुर देउवाले झगडा झिके । अन्ततोगत्वा चुनाव भयो र सभापति सुशील कोइराला नै नेता चुनिए, कांग्रेसले सुशील कोइरालाको नेतृत्वमा सरकार गठन गर्ने निर्णय गऱ्यो । सुशील अघि सर्नासाथ केही पार्टीले सहमति दिए, केहीले दिएनन् । यही कारणले सहमतीय सरकार गठन हुनसकेन । अब माघ २७ गते बहुमतीय प्रक्रियाबाट सरकार बनाउने मिति तोकिएको छ । तर कांग्रेसभित्रै देउवाले भनेका छन्- अब ६०, ४० होइन, बराबरी भाग हामीलाई पनि चाहिन्छ । देउवालाई नै बहुमतीय सरकार गठन गर्ने अन्तरदल वार्ता समितिमा बसिदिन आग्रह गर्दा देउवाले असहयोग गरिदिएका छन् । भवानीपुरको भीडबाट जन्मेको नेपाली कांग्रेसको नानीदेखिको बानी सुध्रेको देखिन्न ।

एमाले सबैभन्दा 'अल्टर दल'का रूपमा देखिएको छ । अध्यक्ष झलनाथ खनाललाई संसदीय दलको नेता मान्न केपी ओलीले इन्कार गरिदिए । उनले वामदेव गौतमलाई आफ्नो समर्थक बनाएपछि क्रुद्ध माधवकुमार नेपालले अध्यक्ष झलनाथ खनाललाई सुन्याएर चुनावी मोर्चामा उतारे । माघ २१ गते भएको निर्वाचनमा केपीले झलनाथ खनाललाई ७५ का विरुद्ध ९८ मतले पराजीत गरिदिए । जतिसुकै एक भएर जाने र संविधान लेखनमा एक भएर लाग्ने भनेर भाषण छाँटे पनि एकपटक फुटिसकेको घ्याम्पो फेरि मानसिक रूपमा फुट्यो, एमालेभित्र गुटबाजीको लक्ष्मणरेखा कोरियो । यसको असर सत्ता निर्माण, सत्ता प्रवेश र पार्टीको प्राथमिकतामा पर्ने निश्चित छ ।

एमाओवादी तेस्रो ठूलो दल, यो दलभित्र बाबुराम भट्टराई र नारायणकाजी श्रेष्ठले नेतृत्व बदल्न अधिवेशन माग गरे । चङ्ख अध्यक्ष प्रचण्डले वैशाखमा अधिवेशन होइन, राष्ट्रिय सम्मेलन बोलाउने प्रस्ताव पास गराएर आफ्नो नेतृत्वमाथिको खतरा टारिदिएका छन् । एमाओवादीभित्रको नेतृत्व परिवर्तनको ज्वारभाटा साम्य भइसकेको छैन । छुट्टीभिन्न भएका नेकपा-माओवादीका अध्यक्ष मोहन बैद्य र सचिव देव गुरुङ प्रचण्ड सच्चिएर आए, राजनीतिक सम्मलन गर्न तैयार हुने हो भने एक भएर जान सकिन्छ भनेर खुल्लमखुल्ला प्रस्ताव गरिरहेका छन् भने पुत्र प्रकाशले सामाजिक सञ्जालबाटै पिता प्रचण्डलाई कमरेड बैद्यसँग एक भएर जाँनु उपयुक्त हुनेछ भनेर सुझाइरहेका छन् । बाबुराम, काजीहरूको धेरै विरोधलाई मत्थर पार्दै नेतृत्व परिवर्तन हुँदैन भन्न पुगेका प्रचण्ड आजकल कम बोल्न थालेका छन् । अर्थात् मंसिर ४ को निर्वाचन परिणामले मेजरबाट माइनरमा खस्कदा गएको भूकम्पको कम्पन पेरिसडाँडामा कम भएको छैन । पेरिसडाँडा बिस्तारै खस्कदै खस्कदै गएको देखिन्छ ।

कांग्रेस, एमाले र एमाओवादीभित्र नेतृत्वतहको तेजोबध प्रकरणले खेल्नेलाई लाभ हुनगयो, राप्रपा नेपाल बलियो शक्तिका रूपमा उदायो । ठूला दलले राष्ट्रिय दायित्वको मियो पक्रन नसक्दा, राप्रपा नेपाल र अन्य साना दलहरूले आफ्नो महिमा स्थापित गर्ने अवसर पाए । राप्रपा नेपालले हिजोको भारी बोकिन्न, बैध संविधानसभालाई छलेर अवैध रूपमा फालिएका हिन्दूधर्म र संवैधानिक राजतन्त्र पुनर्स्थापित गरिनेछ, नयाँ संविधानसभाले नयाँ राष्ट्रपति चुनिन्छ भनेर कुर्लिंदा जनयुद्ध र जनआन्दोलनकारी नेताहरू संविधानसभामा 'लाटाले केरा हेरेजस्तो' गरी टोलाएको देखियो । राप्रपा नेपालको दबाबको प्रभाव यसरी पऱ्यो कि प्रचण्ड कांग्रेसको बैठकमा जान सकेनन्, ठूला तीनदलले पहिलेको संविधानसभाको स्वामित्व स्वीकार गर्ने सहमतिलाई संविधानसभामा टेबुल गर्ने हिम्मत देखाएनन् । संसदीय दलको नेतामा हारेका देउवाले समेत पार्टी निर्णय विपरित राष्ट्रपतिको निर्वाचन हुनुपर्छ भन्ने विवादलाई हावा दिए र राष्ट्रपतिको चुनाव हुनैपर्छ भन्ने केपी ओली 'भावी प्रधानमन्त्रीका रूपमा' एमालेको संसदीय दलको नेता बन्न सफल भएका छन् ।

यसरी संविधानसभाभित्रको शक्ति उही भए पनि शक्ति सन्तुलनका नयाँ धारहरूमा इस्पातको धारझैं धारिला र पेचिला रूपमा परिवर्तन देखिएका छन् । एकथरि बहुमतीय सरकार गठन गर्दा सहमतीय आधार अपनाउन सकिन्छ भनेर पधेरो गफ चुट्दैछन् भने अर्कोथरि प्रधानमन्त्री, राष्ट्रपति, सभामुखको चुनाव गराएर आ-आफ्नो बर्चस्व स्थापित गर्न र भागबण्डा मिलाउन आतूर भएका छन् । संविधान निर्माण अभिव्यक्तिमा सिमित हुनपुगेको छ, छिर्की हानाहान राजनीति मौलाएको छ । अहिलेसम्म सुशील कोइराला, झलनाथ खनाल, माधव नेपाल, प्रचण्ड छिर्की हानाहानको अग्रपंक्तिमा देखिए पनि यो क्रम अव संविधानसभा, सिंहदरवार हुँदै शीतलनिवास प्रवेश गर्ने ढोका ढक्ढक्याउन थालिसकेको छ । यो छिर्की राजनीतिमा कूटनीतिक शक्तिहरूसमेत सक्रिय भएको देखिनु चाहिं संविधान निर्माण अवधिलाई लम्ब्याउने र नेपाली सार्वभौमिकता खुम्च्याउने दुस्साहस हो ।

संविधानसभामा अलोकतान्त्रिक कोही पनि छैनन् । वीपीलाई फाँसी दिनुपर्छ भनेर राजाका विरुद्ध कालोटिका लगाउने र तिनै राजाको तावेदार बन्न रूचाउने सूर्यबहादुर थापाले संविधानसभा हाँक्ने अवसर पाएपछि र राप्रपा नेपाल प्रभावकारी चौथो शक्तिका रूपमा उभिएपछि यो सर्वस्वीकार्य जनादेशको परिदृश्यले कसैलाई पनि अलोकतान्त्रिक भनेर डाम्न अधिकार रहेन । जनादेशले संविधानसभा चुनेको हो, जनताभन्दा माथि कोही छैन । व्यवहारले ठूला दलहरू आफूलाई 'कठपुतली' बनाउँछन् भने यो नेपाली राजनीतिको दुर्भाग्य हो जसले हिजोको संविधानसभा असफल पाऱ्यो र यो दोस्रो संविधानसभालाई पनि असफल पार्ने गर्भगृह खोतल्न थालिसकेको छ । घरमा आगो लगाएर न्यानो अनुभव गर्नेहरू ठूला दल हुन् जो आज पनि संविधान निर्माणलाई पन्छाएर छिर्की राजनीतिमै अभ्यस्त हुन खोजिरहेको छ । हिजोका पञ्च राजालाई देखाएर जनतालाई र जनतालाई देखाएर राजालाई तर्साउने र आफ्नो उद्देश्यपूर्ति गर्थे । व्यवस्था फेरियो व्यवहार फेरिएन, व्यक्ति फेरिए प्रवृत्ति फेरिएन । त्यही पञ्चे प्रवृत्तिबाट प्रवृत्त भएर लोकतान्त्रिक हुँ भन्ने ठूला नेताहरू 'पञ्चे आए, राजा आउँछ' भन्ने हाउगुजी देखाएर जनता तर्साइरहेका छन् र भागबण्डे राजनीतिक स्वार्थ पूरा गरिरहेका छन् । सबैलाई थाहा छ, जनचाहनामा दरवारबाट जंगल गएको राजतन्त्र जनचाहनाबिना फर्कन सक्दैन । जनताले चाहे भने कसैको केही लाग्दैन । यस्तो खुलासत्यमाथि झूठ बोलेर नेताहरू लोकतन्त्रको आवरण र लेपनमा आफ्नो गूटगूटको कूटकूट स्वार्थहरू पूरा गरिरहेका छन् । स्वार्थसिद्धीका लागि छिर्की राजनीतिलाई चर्काइरहेछन् ।

संविधानसभाको दोस्रो ऐतिहासिक निर्वाचन सम्पन्न भयो, ऐतिहासिक रूपमै जनताले सहभागिता जनाए । यस्तो अनुकूलतालाई पनि राजनीतिक बृत्तले संविधान निर्माण गर्ने सुवर्ण अवसर ठानेन । राजनीतिक नेताहरूमा विवेकको खडेरी जो देखियो, यो नेपालको वर्तमान कालखण्डमा सबैभन्दा पीडादायी कालखण्डको नजीर बन्नेवाला छ । जब नेतृत्वतहमा विवेकको खडेरी पर्छ, राष्ट्र तन्नमहरि बन्ने असफल भीरबाट भत्किदैजान्छ । राष्ट्रलाई साँढे सातको दशा भनेको यही हो । यो दशाबाट मुक्त हुनका लागि संकटा, महांकालको प्रदक्षिणा गर्नैपर्छ । राजनीतिमा पुण्यकर्ममा बरदानका दाता अथवा पापका दण्डाधिकारी ईश्वर पनि जनता, दशामुक्तिका कर्ताधर्ता पनि जनता भएकाले तत्काल जनदबाब सिर्जना नहुने हो भने सत्ता र शक्तिको फित्रीमा छिर्की राजनीतिमा लागेका राजनीतिक दलहरू संविधान निर्माणमा नलाग्ने पक्कापक्की छ । ७ वर्षदेखिको संक्रमण र गाईजात्रे राजनीतिको अन्त्य सम्भव हुनेछैन ।



# Peace and Prosperity in South Asia

Arshad Saud Khosa

It is an honour for me to address this august gathering of intellectuals, thinkers and media representatives. Today I will be sharing my views on peace and prosperity in South Asia with reference to Kashmir Solidarity Day which is observed on 5 February every year.

South Asia is one of the world's largest regions with almost one fifth of the world population. It is our firm belief that without peace in and around our region there can be no lasting stability which is essential for achieving economic and social prosperity. For Pakistan, our vision is of a strong, democratic, progressive Islamic state that provides peace, prosperity and security to its people and coexist with its neighbours with peace and amity. Pakistan also enjoys a pivotal geo – strategic location at the cross – roads of three vital regions of the world – South Asia, Central Asia and West Asia. Therefore Pakistan can and has been bridgehead for multisectoral cooperation between these regions. Pakistan is already building trade, energy and communication corridors linking South Asia, West Asia, Central Asia and China.

It is our belief that South Asia has great scope for becoming a region of economic and social prosperity if we are able to resolve the disputes that afflict this region. Of course one dispute that has impeded development in the region is Kashmir issue. Kashmiris were among the first to be promised their right of self determination by the international community through unanimously adopted UN Resolutions. However, more than half a century later these commitments remain unfulfilled. So peace would continue to elude South Asia till the international community honour its pledges.

5th February, the Kashmir Solidarity Day, is commemorated as a day when Pakistani populace across the world re-news their pledge to support the peaceful struggle of freedom of their Kashmiri brethren. This day stands as a pledge for those millions of Kashmiris who have been engaged in the struggle to win their right to self determination. The day, observed since 1991, conveys that the right of Kashmiris to choose for their fate themselves, as guaranteed by UN resolutions, must be acknowledged.

5th February translates into an act of promise in which people of Pakistan vow to uphold the right of the people of Jammu and Kashmir to self determination in conformity to the resolutions of United Nations Security Council calling for impartial and above-board plebiscite in Jammu and Kashmir.

There are a number of legitimate and genuine reasons for the people of Pakistan to express solidarity with their oppressed Kashmiri brethren, because both share strong bonds in respect of religion, geography, culture, aspirations and economy. Seminars and conferences are organized on the day to highlight important aspects of the Kashmir dispute and the gross human rights violations being perpetrated in occupied Kashmir. At the same time, the world community is reminded that resolution of the Kashmir dispute is imperative for ensuring peace and stability in South Asia.

The number of Kashmiris who migrated to Pakistan from occupied Kashmir since 1947 are in hundreds of thousands, which shows Kashmiris emotional attachment with Pakistan. Even when India's first Prime Minister Mr Jawaharlal Nehru was asked a question about holding of plebiscite in Kashmir, he responded, "Kashmiris would vote to join Pakistan and we would lose it. No Indian government responsible for agreeing to a plebiscite would survive".

Pakistan desires a peaceful environment in the region. The biggest impediment, however, on the path to lasting peace in South Asia is the Kashmir dispute. Its effects are not limited to Pakistan and India but the repercussions are felt in the entire region, as well as the world at large.

Conversely, Pakistan has been consistent in giving all out moral and diplomatic support to the just cause of Kashmiri people and has acted as a strong advocate of the Kashmir cause at the international fora. The founder of Pakistan, Quaid-e-Azam Muhammad Ali Jinnah, had termed Kashmir the jugular vein of Pakistan. Former Prime Minister of Pakistan, Zulfiqar Ali Bhutto, had vowed to wage a thousand-year war for Kashmir. Former President, Asif Ali Zardari, in his address to the UN General Assembly in September 2012 deplored that Kashmir remained a symbol of failures rather than strengths of the UN system while stressing the early settlement of the dispute. The incumbent Prime Minister of Pakistan, Mohammad Nawaz Sharif, right from assuming office in June 2013 has been calling for settling the dispute in accordance with the relevant resolutions of the United Nations Security Council.

The Kashmiris, guided by their unshakeable faith in their just cause would continue to resist all forms of oppression. Pakistan has also always taken lead and initiative to start / propose dialogue to solve the issue. But Kashmiris are continued to be subjected to worst forms of oppression.

UN High Commissioner Ms. Navi Pillay during her press conference on 18 October 2012 in Geneva, referred to the discovery of bodies in unmarked mass graves in Jammu and Kashmir which inter-alia describes Human Right situation in Indian Occupied Kashmir. Ms. Pillay said,

"The human rights of people living in areas that are the subject of unresolved territorial disputes is also often neglected, with Jammu and Kashmir one such example. The discovery of 1,730 bodies in unmarked mass graves was confirmed in a 2011 report by the Jammu and Kashmir State Human Rights Commission which stated that 574 of the bodies had been identified as disappeared local people. The Commission said it believed there is "every probability" that the mass graves may also "contain the dead bodies of (persons subject to) enforced disappearances". The report called for immediate DNA sampling and other forensic tests to see whether or not any of the bodies matched the next of kin of people who have disappeared, but I understand the State government has recently said it will not proceed with the forensic identification of the unidentified bodies. I urge the Indian authorities to fully investigate past killings and disappearances and bring the perpetrators to justice, as well as to ensure protection of witnesses and families of the missing and provide them with redress. These will be critical steps in the ongoing effort to build confidence with the aim of promoting lasting peace and stability in the region".ô:

Pakistan would continue to vigorously pursue a peaceful solution, based on the wishes and aspirations of the Kashmiri people. We have no doubt that ultimately, Kashmiris would be the final arbiter of their destiny and no plan would succeed that does not reflect this reality.

5th February is a reminder to the international stake holders that they should employ reason and solve this dispute which has human proportions. The supreme sacrifices of the Kashmiri's must not go unheard and waste. The way to everlasting peace in region lies in resolution of Kashmir issue as per aspirations of the Kashmiris.

*(Ambassador of Islamic Republic of Pakistan to Nepal)*



# मुस्लिम समुदायमा महिलाहिंसा रोक्न जरुरी

> **मुस्लिम समुदायका पुरुषले श्रीमतिलाई मौखिक रुपमा तलाक दिने परम्परा छ। पीडितका अनुसार, तीन महिनासम्म श्रीमानले तीन पटक तलाक शब्द भनेपछि सम्बन्ध विच्छेद भएको मानिन्छ। तर कानुनको रितनै नपुर्‍याई गरिएको तलाक पीडित महिला अदालतसम्म पुग्ने हो भने न्याय पाउने सम्भावना उत्तिकै छ।**

***ठाकुरसिंह थारु***

मुस्लिम समुदायमा महिलालाई मौखिम रूपमा तलाक (सम्बन्ध बिच्छेद) दिने परम्परा अझै यथावत छ । त्यसरी गरिएको तलाकले कुननी मान्यता भने पाउँदैन । तर यो परम्पराले भने अहिले पनि निरन्तरता पाउँदै आएको छ ।

इस्लामिक धर्म गुरूका अनुसार, मुस्लिम समुदायको प्रवित्र ग्रन्थ कुरानले श्रीमान श्रीमति बिच राजीखुसीले, दुबैको मन्जुरीले, कुनै दवाव र करकापमा नपारी तलाक दिन सक्ने उल्लेख गरिएको छ । तर कानुन, कुरानको व्यवस्था विपरित गैरन्यायिक मौखिक तलाक गर्ने परम्परा बढ्दै गएपछि पीडित महिला अंशबाट बन्चित हुने गरेका छन् । तलाक पाउने महिलाको संख्या पनि उत्तिकै बढ्दै गएको छ । अहिले आएर उनीहरूको समस्या सम्बोधनका लागि भने बहससम्म सुरू भएको छ । पीडित महिलाले चुपचाप गैरन्यायिक तलाक स्वीकार गर्दै आएका छन् । तलाक विरूद्ध कानुनी बाटो नरोज्दा समस्या जटिल बन्दै गएको छ । त्यसको एक पात्र हुन, कम्दीकी समिरून अन्सारी । उनले पनि मौखिक तलाकलाई स्वीकार गरेर बसेकी छन् । तर अहिले आएर उनलाई खाना लाउन बस्न समस्या भएको छ । श्रीमान जमिन अलीले ७ वर्ष अघि उनलाई अंश नदिएरै तलाक दिएका हुन् । श्रीमानबाट घर, जग्गा नपाएपछि समिरून ८ वर्षीया छोरी हनिसा सहित माइतीको शरणमा बसेकी छन् ।

पतिको नाममा घरजग्गा र अन्य सम्पत्ति नभएको होइन । तर सम्पत्ति नदिएका कारण मजदुरी गरी छोरी पालरहेको उनले बताइन् । 'श्रीमानले मलाई तलाक दिंदा मैले लगाएको कपडाबाहेक केही ल्याउन दिएनन्,' समिरूनले तलाकबाट पाएको पीडा सुनाइन् । परसपुरकी २५ वर्षीया प्रबिणा अन्सारी पनि तलाक पीडित महिला हुन् । श्रीमान अतहर हुसेनले अंश नदिएरै आफु अनुकुल उनलाई तलाक दिएका छन् । उनले जग्गा जमिन त पाइनन् नै ७ वर्षिया छोरीलाई भेट्न पनि पाएकी छैनन् । प्रबिणा माइतीमा कष्टकर जीवन गुजारी रहेकी छन् ।

घर, जग्गा, जमिन पाउनु टाढाको कुरा भयो, छोरीको मुख हेर्न पनि पाएकी छैन,' प्रबिणाले पीडा सुनाइन, 'जग्गा जमिन र छोरी बिना अबको जीवन कसरी बित्ने हो ।' हुसेनले श्रीमतिलाई तलाक दिएपछि छोरीलाई आफैसंग राखेका छन् । हुसेनको आर्थिक अवस्था राम्रो छ । 'भएर के गर्नु ? झोपडी बनाउनका लागि पनि जग्गा दिएनन्,' प्रबिणाले गुनासो गरिन् । समिरून र प्रबिणाले अंशका लागि अझै पनि कानुनको सहयोग लिन सक्ने व्यवस्था छ । मुलुकी ऐनको लोग्ने स्वास्नीको महलको ४ को (क, ख र ग ) नम्बर अनुसार अंशका लागि दाबी गर्न सक्ने अधिवक्ता अब्दुल हुसेन खानको सुझाव छ । 'कानुनले मौखिक तलाकलाई स्वीकार गर्दैन,' मुस्लिम समुदायका उनले भने, 'अंशका लागि उनीहरूका लागि अझै कानुनी बाटो खुला छ ।' पछिल्लो समयमा गैरन्यायिक तलाकबाट पीडित महिला अदालत आउन थालेको अधिवक्ता खानको भनाइ छ । '७ तलाक पीडित मुस्लिम महिलाको मुद्दा अदालतमा दर्ता भएका छन्,' उनले भने, 'तर अझै पनि कतिपय पीडित महिला अदालसम्म आउन सकेका छैनन् ।'

अधिकांश पीडित महिलाले गैरन्यायिक तलाकलाई स्वीकार गरे पनि नेपालगन्जकी १९ वर्षीया रूविना राइन भने कानुनी अडानमा छिन् । उनले अंश नपाएसम्म तलाक नलिने अडान राखेकी छन् । त्यसैले परिवारबाट शारीरिक तथा मानसिक यातना भोग्नु परिरहेको उनले बताइन । श्रीमान अफाक अल्वाईले तलाक दिन खोजी रहेको उनको भनाइ छ । 'तर म अंश नपाएसम्म तलाक नलिने अडान राख्दा यातना पाएकी छु' रूविनाको आग्रह छ, 'मलाई सहयोग गर्नुहोस ।' तर उनले गरेको आग्रह कसैले पनि सुनेको छैन । थप यातना पाउने त्रासले उनले प्रहरी प्रशासनमा उजुरी समेत गरेकी छैनन् ।

श्रीमानले श्रीमतिसँग जबर्जस्ती सम्बन्धबिच्छेद गर्दा अनिवार्य रूपमा अंश दिनुपर्ने कानुनी व्यवस्था छ । तर मुस्लिम महिलालाई तलाक दिएपछि अंश नदिंदा उनीहरूको जीवन कष्टकर बन्ने गरेको छ । त्यसो त पीडितहरू प्रहरी, प्रशासन र अदालतसम्म पनि नपुग्ने गरेकाले पनि समस्या भएको हो । अंशका लागि अदालतसम्म जाने हो भने पीडित महिलाले न्याय पाउन सक्ने कानुनबिद्हरूको सुझाव छ । अदालतले आफै पीडितलाई खोजेर न्याय दिने पनि होइन । पीडित आफै न्यायका लागि अदालतसम्म पुग्नु पर्ने कानुनी सिद्धान्त छ । तलाक पीडित महिलाको हकमा यस्तै भएको छ ।

तलाक पीडत मुस्लिम महिलाले अंश नपाएको गुनासो गरे पनि अदालतसम्म भने निकै कम पुग्ने गरेका उदाहरण छन् । परिवारबाट असुरिक्षत भएको महसुस गर्दै उनीहरू प्रहरी र अदालतसम्म नपुग्ने मुस्लिम अगुवा फारूक अन्सारीले बताए । 'मुख्य त सुरक्षाको कुरा हो,' उनले भने, 'त्यसैले मुस्लिम महिला प्रहरी, प्रशासन र अदालत जाँदैनन् ।' पुनरावेदन अदालत नेपालगन्जका मुख्य न्यायाधीश केशवप्रसाद मैनालीले पीडित महिलाहरू कानुनी प्रक्रियामा नआउँदा सम्पत्तिबाट बन्चित हुने गरेको बताए । 'कानुन अनुसार पीडितहरू न्यायालयमा आए न्याय पाउँछन्,' उनले भने, 'तर न्यायका लागि पीडित महिलानै अग्रसर हुन जरूरी छ ।' मैनालीले पीडित महिलालाई न्याय दिलाउन अगुवाबाट पहल हुनु पर्ने सुझाव दिए । स्थानीय मुस्लिम किशोरी क्लबले नेपालगन्ज र आसपासका गाविसमा गरेको अध्ययनमा ४ सय ६१ मुस्लिम महिलाहरूको सानै उमेरमा विवाह भएको र ३ महिनादेखि ५ वर्षको वैवाहिक जीवनपछि तलाक पाएको देखाएको छ ।

भारतमा विवाह भएका २ सय ९७ र नेपालमै विवाह भएका १ सय ४७ महिला तलाक पीडित भएका छन् । मुस्लिम किशोरीले परसपुर, जैसपुर, पिपरहवा, कम्दी, पुरैना, पुरैनी, भवनियापुर, हिरमिनिया, इन्द्रपुर र नेपालगन्ज नगरपालिकामा रहेका मुस्लिम समुदायमा अध्ययन गरेका थिए ।

कम उमेरमा विवाह गर्ने परम्परा, अंश नदिने प्रचलन रहेका कारण तलाक बढ्दै गएको मुस्लिम समुदायका लागि काम गरिरहेका सामाजिक कार्यकर्ता मुस्ताक अली दर्जीले बताए । उनले मुस्लिम समुदायमा जग्गा जमिन नदिएर नै महिलालाई तलाक दिने परम्परा रहेको बताए । त्यसैगरी पीडित महिलाहरूले कानुनी बाटो अबलम्बन नगर्दा पनि अंशबाट बन्चित हुने गरेका हुन् ।

'सामाजिक असहयोग, अनावश्यक हस्तक्षेप र विभिन्न परिबन्धका कारण तलाक पीडित महिला कानुनी निकायसम्म पुग्न सक्दैनन्,' मुस्लिम महिला अगुवा हिना फारूकीले भनिन् । त्यस्तै समुदायबाट उपेक्षित हुने डरले पनि उनीहरू खुल्न चाहदैनन् । समाजले हेर्ने दृष्टिकोण पनि नकारात्मक रहेकोले पीडितहरू थप पीडामा बाँच्नु परेको फारूकीको दाबी छ । मुस्लिम समुदायका पुरूषले श्रीमतिलाई मौखिक रूपमा तलाक दिने परम्परा छ । पीडितका अनुसार, तीन महिनासम्म श्रीमानले तीन पटक तलाक शब्द भनेपछि सम्बन्ध विच्छेद भएको मानिन्छ । तर कानुनको रितनै नपुर्‍याई गरिएको तलाक पीडित महिला अदालतसम्म पुग्ने हो भने न्याय पाउने सम्भावना उत्तिकै छ ।

बाँकेका तत्कालिन प्रहरी प्रमुख, प्रहरी उपरिक्षक बिक्रमसिंह थापाले पीडित मुस्लिम महिलाहरू न्यायका लागि निकै कम आउने गरेको अनुभव सुनाए । परिवार वा श्रीमानबाट यातना पाइरहेका महिलाबारे जानकारी गराए प्रहरीले कारवाही गर्न सक्ने अवस्था रहेको थापाको भनाइ छ । 'पीडित महिला उजुरी लिएर आउनु पर्‍यो । कानुन अनुसार प्रहरीले कारबाही गर्छ,' उनले भने ।

*(सञ्चारिका लेखमाला)*

# संविधानसभालाई किन बनाइँदै छ अन्योलको सिकार ?

***मोहम्मद जाकिर हुसैन***

संविधानसभाको निर्वाचन भएको दुई महिनाभन्दा बढी भइसक्यो । तर, एक वर्षभित्र संविधान निर्माण गर्ने प्रतिबद्धता देखाएका संविधानसभाका दलहरु सभामुखविहीन र सरकारविहीन अवस्थामा छन् । संविधानसभाको नयाँ नियमावली आउन सकेको छैन । संविधानसभा निर्वाचनले सबभन्दा ठूलो पार्टी बनाएका दुईवटा दल नेपाली कांग्रेस र नेकपा एमालेले आफ्नो संसदीय दलको नेता समयमा चुन्न नसक्नु ठूलो विडम्बना बनेको छ । उता खिलराज रेग्मीको सरकारले २६ जना सभासद् मनोनीत गर्न नसक्नु र मनोनीत गर्ने पहल गर्न नसक्नु अर्को विडम्बना बनेको छ । लामो समयसम्म संविधानसभाको पहिलो बैठक कसले बोलाउने भन्ने जुहारीमा सम्माननीय राष्ट्रपति र प्रधानमन्त्री नै लागे । उनीहरूले संविधानसभालाई लामो समयसम्म अनिर्णयको बन्दी मात्र बनाएनन् कि सम्मानित राष्ट्रपति संस्थालाई विवादको घेरामा समेत ताने । झन् केही बुझक्कड वकिलसाहबले पहिलो बैठक कसले बोलाउने भन्ने मुद्दालाई सम्मानित सर्वोच्च अदालतमा लगिदिएपछि राजनीतिक अन्योल झन् गहिरियो । त्यसले राष्ट्रपतिलाई एक किसिमले सरेन्डर गर्ने बाध्यात्मक स्थिति पैदा गरिदियो । उता, एमालेभित्र नयाँ राष्ट्रपति, उपराष्ट्रपतिको निर्वाचन हुनुपर्छ भन्ने विषयमा नेपाली राजनीतिलाई दोमनको स्थितिमा खडा गरेर कांग्रेसलाई तर्साएर राजनीतिक भागबन्डा गर्ने ठूलै कसरत पनि सुरू भयो । यावत् कुराले संविधानसभा र व्यवस्थापिका संसद्लाई धेरै लामो समयसम्म अनिर्णयको बन्दी नै बनाइयो ।

बल्लतल्ल माघ ७ गते प्रत्यक्ष र समानुपातिक सभासद्ले पद तथा गोपनीयताको शपथ लिने मौका पाए । संविधानले तोकेको थप २६ मनोनीत सभासद्को नियुक्ति र शपथविना नै संविधानसभाको पहिलो बैठक बस्यो । उत्साहजन अवस्थामा पहिलो बैठक बसेको भनिए पनि त्यहाँ अधिकांश सभासद्ले उत्साहको अनुभूति गरेनन् । किनभने ०६४ को संविधानसभाको पहिलो बैठकले नै एउटा महत्वपूर्ण ऐतिहासिक निर्णय गर्न सफल भएको थियो । त्यस संविधानसभाले पहिलो बैठकबाट २४० वर्षे निरंकुश राजतन्त्रको अन्त गर्दै लोकतान्त्रिक गणतन्त्रको घोषणा गरेर संविधानसभाको सार्थकतालाई प्रमाणित गरेको थियो । यसपटकको पहिलो बैठकमा त्यस्तो केही भएन र संविधानसभा सदस्यलाई एक किसिमको आत्मग्लानी भएको हुनुपर्छ ।

बरू, यसपटकको शपथ ग्रहण कार्यक्रममा खासगरी नेपाली कांग्रेस, एमाले, राप्रपा घटक र चित्रबहादुर केसीहरूको पार्टीले ड्रेस कोडमा देखाएको एकरूपताले मिडियामार्फत् नयाँ सन्देश अवश्य दियो । एमालेका मेरा एकजना मुस्लिम मित्रलाई मैले मुस्लिम सांस्कृतिक पोसाकमा शपथ लिऔँ भनेपछि उहाँले नेपाली राष्ट्रिय पोसाक लगाउने पार्टीको ह्विप जारी भएको छ भनेर भन्नुभयो । बडो विडम्बना छ, आन्तरिक राष्ट्रियता, जातीय, भाषिक, सांस्कृतिक विविधता भएको धर्मनिरपेक्ष राज्यमा पोसाकको लागि ह्विप जारी गर्नु बडो आश्चर्य लाग्यो । संविधानसभा सदस्यको मेलामा आफ्नो सांस्कृतिक पोसाकको अगाध माया प्रदर्शन गर्न सक्ने अवसरको रूपमा लिनुपर्ने दिनमा यसरी ह्विप जारी गर्नेहरूले नै सांस्कृतिक वैविध्यताको दुहाइ दिने गरेका छन् । के नेपालमा तामाङ, थारु, मधेसी, मगर, मुस्लिमलगायत विभिन्न जातजाति र सांस्कृतिक समूहले लगाउने पोसाकले नेपाली राष्ट्रियताले स्वामित्व ग्रहण गर्दैन र ? आज पनि स्टार होटल र एयर क्राफ्टमा शेर्पा पोसाकलाई खुबै लोकप्रियता हासिल भएको छ । संविधानसभा सचिवालयले कि त राष्ट्र पोसाक कि त सांस्कृतिक पोसाक लगाउने भन्ने सूचना दिएको थियो । मैले संविधानसभामा केही यस्ता नेता पनि देखैं, जसले कोट-प्यान्ट नै लगाएका थिए । राष्ट्रियतालाई संकीर्ण ढंगले देखाउनुबाहेक त्यस दुई दिनमा अरु केही भएको देखिएन ।

ज्येष्ठताका आधारमा सभामुखको भूमिकामा आउनुभएका माननीय सभामुख सूर्यबहादुर थापाको सम्बोधनले पनि केही राजतन्त्रात्मक अवशेषतर्फ इसारा गरे । उनले सामान्य किसिमले जनता, सरकार, अन्तर्राष्ट्रिय समुदाय, पत्रकार, पर्यवेक्षकलाई धन्यवाद दिने पार्टीबीच राजनीतिक सहमति भएको थियो । तर, उनको सम्बोधनले घुमाउरो पारामा धेरै कुरा भनेको सभासद्ले अनुभूति गरेका थिए । वास्तवमा संविधानसभाको पहिलो बैठक २० मिनेटभित्र सकिनु आफैँमा एउटा विडम्बना थियो । संविधानसभामा पहिलोपटक छिरेका सभासद् अचम्मित भएको धेरैको विचार पनि संविधानसभा परिसरमा सुन्न पाइयो ।

संविधानसभाको पहिलो बैठकबाट पहिलो संविधानसभाले गरेका कार्यको स्वामित्व ग्रहणबारे घोषणा गर्ने कार्य हुनुपर्थ्यो । यो कुरा नेपाली कांग्रेस र नेकपा एमालेले त संविधानसभा निर्वाचनअघि जनतासामु नै लिएर गएका थिए । एमाओवादी पार्टी त झन् त्यसका लागि निर्वाचन परिणामपश्चात पनि अडान नै लिएको स्थिति थियो । संविधानसभाको निर्वाचनपछि नेपाली कांग्रेस, नेकपा एमाले, एकीकृत माओवादी, मधेसी दल र संघीय समाजवादी पार्टीबीच चारबुँदे सहमति नै भएको थियो, जसको एक मह□वपूर्ण बुँदा चाहिं पहिलो संविधानसभामा पूरा भएका कामको स्वामित्व ग्रहण नै हो । एक हप्ताअघि यी दलका प्रतिनिधिले संविधानसभाको कार्यसूचीबारे छलफल हुँदा एकीकृत माओवादी पार्टीले पहिलो संविधानसभाले गरिसकेका कार्यको सम्बन्धमा स्वामित्व ग्रहणको प्रस्ताव संविधानसभाको पहिलो बैठकबाट पारित गरौं भन्ने प्रस्ताव लैजाँदा नेपाली कांग्रेसले त मान्यो तर चारबुँदे सहमतिमा हस्ताक्षर गरेको एक पक्ष एमाले नै त्यसमा अन्योल देखियो । राप्रपा नेपाल र जनमोर्चा घटक पनि सकारात्मक देखिएन । यसले नेपाली राजनीति र संविधानसभालाई कुन मोडतिर लैजाँदै छ भन्ने कुराको आँकलन गर्न सकिन्छ ।

एकातिर एक वर्षभित्र संविधान निर्माण गर्ने र अर्कोतिर सजिलै गर्न सक्ने र गर्नैपर्ने कार्य गर्न हिच्किचाउने प्रवृत्तिले संविधानसभाको भविष्यलाई प्रदूषित गर्ने योजना त छैन भन्ने शंका सुरूमै उब्जाइरहेको छ । एकीकृत माओवादी पहिलो संविधानसभाले दिएको गणतन्त्र, धर्मनिरपेक्षता, समावेशिता आदि विषयलाई कुनै हालतमा गुमाउन चाहँदैन । यी म्यान्डेट संविधानसभाको निर्वाचन मात्रले दिएको होइन, ०६२/६३ को आन्दोलन र मधेस आन्दोलनले पनि दिएका म्यान्डेट हुन् । अन्तरिम संविधान ०६३ को मर्म पनि यही हो । यसका साथै पहिचानसहितको संघीय प्रणाली र निर्वाचित कार्यकारी राष्ट्रपतिको पक्षमा एमाओवादीले आफ्नो अडान छोड्ने कुरा पनि आउँदैन । किनभने कार्यकारी राष्ट्रपतीय प्रणाली नेपाली राजनीतिलाई स्थायित्व र स्थायी सरकार दिनसक्ने कुरामा कुनै द्विविधा उत्पन्न हुन सक्दैन ।

यसपछि दुई महिना बितिसक्दा पनि ठूला दुई दल नेकां र एमालेले किन सरकार बनाउन नसक्केको हो ? यो कुरा एमाओवादीलाई मात्र होइन, आमनेपाली जनतालाई पाच्य भएको छैन । खिलराज रेग्मीको सरकार त संक्रमण अवस्थामा पो जनताले स्वीकार गरेका थिए । अब त कांग्रेस, एमालेलाई यति ढिलो गर्नुको औचित्य जनतालाई सावित पनि गर्नैपर्ने भएको छ । कांग्रेसले सरकार गठनका लागि आवश्यक बहुमत पुर्‍याउन सक्दैन भने एमालेलाई आह्वान गरिदिए भइहाल्छ नि । वा, एमाले यसरी निरीह भएर टुलुटुलु किन हेरिरहेको छ ? यसरी के बुझिन्छ भने यसले अन्ततः संविधानसभालाई प्रतिकूल प्रभाव पार्दै छ वा पार्न खोज्दै छ । हिजोसम्म एमाओवादी, संघीय समाजवादी र मधेसकेन्द्रित दललाई यो आरोप लगाइँदै थियो कि उनीहरूले धाँधलीको बखेडा झिकेर संविधानसभाको कार्यसूची र सरकार निर्माणलाई प्रभावित गर्दै छन् । ज्ञातव्य रहोस् यी चारबुँदे सहमतिपश्चात यी दलले केवल पाँच दिनमा समानुपातिक सभासद्को सूची बुझाएका थिए । तसर्थ, आज जनताको आवाज र चाहनालाई ठूला दलका हिसाबले कांग्रेस, एमालेले यो ढिलासुस्ती र संविधानसभाको पहिलो बैठकको उपलब्धिविहीनताको जवाफ दिनैपर्छ ।

# मधेसी नेताले मधेसी जनताको मर्म बुझेनन्

मधेशप्रति उपेक्षाभाव राखी राज्य सुविधामा चुर्लुम्म डुबेका मधेशका दलहरूले पैसामा मधेशलाई तौलने उद्देश्य राखी होमिएको दोश्रो संविधान सभाको चुनावमा बगाएको पैसाको खोलामा नाम चलाएका ६ जना अध्यक्षहरू आफै डुबेर मरे भने तीन जना कठीन अवस्थामा बाँचे । मधेशको जनादेशको सम्मान नगरि व्यक्तिगत धन लाभतिर आकर्षित हुने मधेशका राजनीतिक दलहरूले दोश्रो संविधान सभाको चुनावमा मधेशको नेतृत्व गुमाएको, आफनो हैसियत साबित गर्न असफल भएको अवस्थामा राज्यको दलाली गर्नबाहेक अरू कुनै काम रहेन । चुनावभन्दा पूर्व पार्टीहरूको एकीकरण वा मोर्चा बनाउन मधेशबाट यति धेरै दबाव रहेपनि कुनै मधेशी दलहरू आफनो प्राइभेट लिमिटेड पार्टीलाई कम्पनीमा परिणत गर्न चाहेन । तर चुनाव पछि मधेशी दलहरू मोर्चा बनाउन आतुर देखिएको अवस्थामा राज्यबाट बढीसे बढी सुविधा हासिल गर्ने व्यक्तिवादी सोच स्पष्ट हुन्छ । एकीकरण वा मोर्चा मधेशी दलहरूको चरित्र विपरितको कुरा रहेकोले यो सम्भव देखिदैन । राजेन्द्र महतोको भनाई अनुसार मधेशका दुई गद्दार महन्थ ठाकुर र विजय गच्छदार मध्ये एउटा इमान्दार गद्दारलाई रोजेर राजेन्द्र महतो र उपेन्द्र यादबले पार्टी एकीकरण वा मोर्चा बनाउने अभियान थालेका छन् । सत्ता दलालीका खप्पिस खेलाडी विजय गच्छदारलाई बाहिर राखेर बनाइने मोर्चा उनको साधारण प्रहारमा धाराशायी हुने कुराप्रति राजेन्द्र महतो, उपेन्द्र यादब र महन्थ ठाकुर कति सचेत छन्?

दोश्रो संविधान सभाको चुनावमा पार्टीको हारसंगै अध्यक्ष हारेको अवस्थामा नैतिक □पले पार्टीको अध्यक्षता गर्न मिल्दैन । हारेका अध्यक्षहरूले नेतृत्वबाट राजीनामा गरेर स्वच्छ राजनीतिको शु□वात् गर्नु पर्दछ । तर त्यो अवस्था देखिदैन । अध्यक्ष बनेर धन कमाउने लिप्सा राख्ने मधेशी नेताहरू पार्टी फुटाएर भएपनि यो अवसर प्राप्त गरि सजिलै तरिकाले यो पद किन छाडुन् । एकपल्ट अनैतिक काममा संलग्न भई सकेपछि उनको लागि नैतिकताको कुरा गर्नु ढुंगामा टाउको ठोकाउनु हो । आफू कति नैतिकवान, कर्तव्यनिष्ठ, स्वच्छ छवि तथा मधेशका विश्वासपात्र हुन भन्ने कुरा मधेशले छर्लङ्ग देखाई दिएको छ । तैपनि ? मान न मान, मै तेरा मेहमान ? को अपमानजनक अवस्थामा बस्न □चाउने नेताहरूको औचित्यहीन भूमिका मधेशको लागि कति कारगर हुन्छ, यसै स्पष्ट हुन्छ ।

राज्यले सबै मधेशी दलहरूलाई बटुलेर राज्यसुविधाको विलास भवनमा कैद गरि राखेपछि मधेशमा षडयन्त्रको निर्बाध प्रक्रिया चलाउँदा प्रतिरोधक पंक्तिनै नरहेपछि राज्यले अपेक्षित सफलता प्राप्त गर्यो । मधेशलाई अधिकार सम्पन्न गराउने अभिभाराका साथ जनादेश दिएर पठाईएका प्रतिनिधीहरूको अनैतिक क्रियाकलापबाट मधेशको सिर मात्र निहुँरिएको छैन, मधेश आन्दोलनले प्राप्त गरेको उपलब्धि पनि गुम्ने अवस्थामा पुगेको छ । शहीदहरूको रगतको अवमूल्यन भएको छ । जनादेशको दायित्वबोध नभएका यी नेताहरूलाई मधेशले दण्डित गर्दा पनि सुध्रिने अवस्था भने छैन । यिनीहरूको अकर्मन्यता, कर्त्तव्यहीनता, अनैतिक क्रियाकलापका कारण मधेशले पुनश्च नेपाली कांग्रेस र एमालेको नेतृत्व स्वीकार गर्न बाध्य भएको छ । यति धेरै लगानीका साथ मधेश अगाडि बढेको अवस्थाबाट पछाडि धकेल्न राज्यका मतियार भएका मधेशका दलहरूमा न आत्मग्लानी छ, न आत्मालोचना । पार्टीलाई नेतृत्व गर्न आफनी श्रीमतिलाई सभासद बनाएर अगाडि सारेको फोरम (गणतान्त्रिक), संघीय सद्भावना पार्टी र सद्भावना पार्टीको क्रियाकलापले त पार्टी मधेशको नभएर व्यक्तिगत पार्टीको रूपमा परिणत भएको स्पष्ट हुन्छ । श्रीमतिहरूको सभासदमा नाम छनौट हुँदा पार्टीभित्र असन्तुष्ट बनेका नेता, कार्यकर्ताहरूको विद्रोह एकातिर छ भने श्रीमतिको चयन बिषय लिएर फेसबुकबाट अमर्यादित ढंगको आलोचनाले मधेश शर्मिन्दगी महसूस गरि रहेको छ । प्राइभेट लिमिटेडको □पमा चलि रहेको मधेशका राजनीतिक दलहरूमा नियम, कानून, अनुशासन, मर्यादा केही न रहेको, चाकडी, चापलुसीको भरमा चलेको पार्टीको भविष्य धेरै दिन सम्म रहन सक्दैन । ? क्षेत्रिय पार्टीहरू चल्न सक्दैन ? राज्यको यो अभिव्यक्तिलाई मधेशका दलहरूले प्रमाणित गर्न लागि परेका छन् । न पाउँदा क्रान्तिकारी कुरा गर्ने पाउँदा सबै बिसिर्ने विचलित मानसिकता राख्ने, आफनो सैद्धान्तिक अडान नभएका घोर अवसरवादी चरित्रले अब मधेशको फेरि शून्यदेखि राजनीतिलाई उठाएर परिणमसम्म पुर्याहउन सक्दैन । खाई पाई आएको सुविधा कसरी प्राप्त गर्ने भन्ने तिकडमी चालमा व्यस्त रहेकाहरू मधेशका नेताहरू अब मधेशको बलिदानीपूर्ण आन्दोलन अगाडि बढाउन सक्दैन । यिनीहरूको मधेशको राजनीतिक इतिहासको सूर्य डुबी सकेको छ । फेरि उदाउने सूर्य अर्को दिनको सूर्य कहलाउने भएकोले मधेश राजनीतिको पनि यही यथार्थ हो ।

देशको धरातलीय समस्यालाई सम्बोधन नगरि आन्दोलनलाई विभिन्न बहानामा तुहाउने राज्यको परम्परागत नीतिले नेपालमा प्रत्येक १० वर्षमा आन्दोलन आउने चलन बसालेको छ । मधेशको समस्या सम्बन्धमा अन्तर्राष्ट्रियि शक्तिकेन्द्रहरू उदासीन रहेको, फरक संस्कृतिका कारण मधेशीसंग मेल हुनै नसक्ने मानसिकताका शासकवर्गले मधेशको माँगलाई आफनो अस्तित्वसंग जोडेर हेर्ने गरेकोले ऊ कुनै हालतमा मधेशलाई संघीयताको अवस्थामा देख्न नचाहने, मधेशको नेतृत्व पंक्तिमा देखिएको राज्यको दलाली प्रवृति आदिका कारण मधेशको समस्यालाई सम्बोधन नगरि पछाडि धकेलिएको हो । राष्ट्रियि, अन्तर्राष्ट्रिय शक्तिले मधेशको समस्यालाई उपेक्षा गरेको अवस्थाामा पनि मधेश आफनो अधिकारको लडाई लड्न तयार छ । राज्यको आन्तरिक औपनिवेशिक गुलामीभन्दा स्वाभिमानको लडाई लडेर सम्मानजनक मृत्यु बरण गर्न मधेश □चाउँछ । राज्यको चाकडी, चापलुसी र दलाली गरेर अधिकार पाइँदैन भन्ने कुरा २३९ वर्षको अभ्यासले मधेशलाई देखाई सकेको छ । चाकडी, चापलुसी र दलाली नगर्ने भनेर विद्रोह गरेर राज्यलाई राजनीतिक चुनौती दिएर बाहिर निस्केको मधेशी पुनश्च गुलामीको खोरमा पस्न चाहँदैन । मधेशको समस्या फेरि पनि मधेशलाई संगठित हुन प्रेरित गर्छ र मधेश आन्दोलन फेरि परिष्कृत रूपमा राजनीतिक क्षितिजमा उदाउनेमा कुनै शंका छैन । मधेशले पाएको असफलता, असन्तोषले पुनः अधिकारका लागि संगठित हुने प्रेरित गर्छ भने राज्यको भेदभाव र दोहन, शोषणले उनलाई आन्दोलनको तयारी गर्न बल दिन्छ । राज्यले जातीवादी राजनीति गर्न पठाएका मधेशी दलहरूलाई मधेशले कडा दण्ड दिएको छ । अर्थात् मधेश जातीय विखण्डनमा जान चाहँदैन भन्ने कडा चेतावनी मधेशी दलहरूलाई दिएको छ । राज्यले मधेशमा जतिसुकै नयाँ प्रविधिको षडयन्त्र ल्याओस् मधेश त्यसको सफलतापूर्वक प्रतिकार गरि अगाडि बढ्नेछ । मधेशलाई तोडेर पछाडि धकेलिएको अवस्थामा मधेश कमजोर देखिएको बुझाईनै मधेशको संगठित हुने अनुकूल परिस्थिति हो र मधेश फेरि एकैदिनमा एकताबद्ध हुने कुराको ज्ञान राज्यलाई दिई रहनु पर्दैन । मधेस चमत्कारिक पनि छ है ।

(मधेस दर्पण फिचरसेवा)

# दूध उत्पादन १ खर्ब, कारोबार २० अर्ब

काठमाडौं । सानो एकाइमा खरिद-बिक्री हुने दूधको बजार बिस्तारै फैलँदै गएको छ । व्यावसायिक पशुपालनका माध्यमबाट दूध आपूर्ति बढाइए पनि उत्पादनको ठूलो हिस्सा घरेलु प्रयोजनमा खपत भइरहेको छ ।

किसानले घर-घरमा उत्पादन गरेको सबै दूध बजारमा आउँदैन, आफैंले खपत गर्छन् । कृषि विकास मन्त्रालयको तथ्यांकअनुसार वार्षिक १६ लाख २२ हजार टन दूध उत्पादन हुने गरेको छ । यसमध्ये मुस्किलले २० प्रतिशत दूधमात्रै व्यावसायिक प्रयोगमा आउँछ । उत्पादनको ठूलो परिमाण किसान आफैंले खपत गरे पनि औसत नेपालीले पर्याप्त दूध भने पिउन पाएका छैनन् । विश्व स्वास्थ्य संगठनले स्वास्थ्य रहन एक व्यक्तिले वर्षमा एक सय ४६ लिटर दूध पिउनुपर्ने तर्क गरेको छ । 'तर, एक नेपालीले प्रतिवर्ष औसतमा करिब ५० लिटर दूधमात्रै पिउने गरेको हाम्रो अध्ययनले देखाएको छ,' नेपाल डेरी एसोसिएसनका महासचिव प्रह्लाद दाहालले भने । निजी क्षेत्रका व्यवसायीको अध्ययनले वार्षिक ८० अर्ब रूपैयाँभन्दा बढीको दूध उत्पादन हुने गरेको जनाएको छ । यो तथ्यांकमा गाउँघरतिर आपसमा बिक्री हुने दूध परिमाण सामेल छैन । 'गाउँघरमा छरछिमेकीबीच नै दूध खरिद-बिक्री हुने गरेको छ । त्यसलाई जोड्ने हो भने १ खर्ब पुग्छ,' उनले भने ।

झन्डै एक खर्ब रूपैयाँको दूध उत्पादन भए पनि व्यावसायिक प्रयोजनमा भने २० प्रतिशत (२० अर्ब रूपैयाँ बराबर) मात्रै आउने गरेको राष्ट्रिय दुग्ध विकास बोर्डको तथ्यांक छ । 'किसान आफैंले दूध खपत गर्छन्, गाउँघरमा दही, मही, घिउलगायत बनाउने र परिवारमा दूध खपत गर्ने प्रचलन बढी छ,' बोर्डका अध्यक्ष बाबुकाजी पन्तले भने ।

कृषि मन्त्रालयका अनुसार मुलुकमा सबैभन्दा बढी काभ्रे जिल्लामा दूध उत्पादन हुने गरेको छ । आर्थिक वर्ष ०६७/६८ को तथ्यांकअनुसार काभ्रेमा सबैभन्दा बढी ७७ हजार ५ सय १७ टन दूध उत्पादन भएको थियो । काठमाडौं उपत्यकामा दूधको माग तीव्र रूपले बढ्न थालेपछि उपत्यकानजिकको जिल्ला काभ्रेमा व्यावसायिक गाई तथा भैंसीपालन गर्नेको संख्या ह्वात्तै बढेको हो ।

त्यस्तै, मनाङ, मुस्ताङ र डोल्पामा सबैभन्दा कम दूध उत्पादन हुने गरेको मन्त्रालयको तंथ्याक छ ।

## vjhsb

### कृष्णमोहन स्मृति ब्याडमिन्टन हुने



काठमाडौं । सशस्त्र प्रहरी बल केन्द्रीय खेलकुद समितिको आयोजनामा फागुन ५ गतेदेखि ९ गतेसम्म दशौं राष्ट्रव्यापी कृष्णमोहन स्मृति खुल्ला व्याडमिन्टन प्रतियोगिता हुने भएको छ । सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा आयोजित कार्यक्रममा अतिरिक्त महानिरीक्षक दुर्जकुमार राईले जनकारी गराए । राईले त्यसअवसरमा सशस्त्र प्रहरी बलले नियमित रूपमा संचालन गर्दै आएको कृष्णमोहन स्मृति खुल्ला व्याडमिन्टन प्रतियोगिताको पुरस्कार राशी पाँच लाख १५ हजार रूपैयाँ रहेको जानकारी पनि दिए ।

११ इभेन्ट्स रहने प्रतियोगिताका सम्पूर्ण खेलहरू नेपाल एपीएफ क्लबको कभर्ड हलमा हुने छ । कार्यक्रमा अतिरिक्त महानिरीषक राईले खेलकुदको विकासमा सशस्त्र प्रहरी बलले उत्कृष्ट योगदान पुऱ्याएको चर्चा गर्दै संगठनले स्थापनाकाल देखिनै व्यावसायीक दायित्व निर्वाह गर्नुको साथै खेलकुद क्षेत्रलाई समेत प्राथमिकता दिएको बताए ।

### सचिनलाई भारतरत्न प्रदान

नयाँदिल्ली । क्रिकेटजगत्कै आइकोनिक खेलाडी सचिन तेन्दुलकर भारतकै सर्वोच्च पदवी 'भारतरत्न'बाट सम्मानित भएका छन् । राष्ट्रपतिभवन कार्यालय नयाँदिल्लीमा एक विशेष समारोहबीच सचिनलाई राष्ट्रपति प्रणव मुखर्जीले मंगलबार पदक दिएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् ।

भारतरत्न पाउने सचिन पहिलो भारतीय खेलाडी हुन् । समारोहमा सचिनका परिवार साथै विशिष्ट व्यक्ति उपस्थित थिए । भारतरत्नबाट सम्मानति भएपछि सचिनले राष्ट्रका लागि कहिले पनि ब्याट नरोकिने बताएका छन् । भारतरत्नबाट सम्मानित हुन पाउँदा आफूलाई जीवनकै अविस्मरणीय दिन तथा एक भारतीय हुनुमा गौरवान्वित भएको पनि सचिनले बताए । गत नोभेम्बरमा वेस्टइन्डिजविरूद्ध आफ्नो दुई सयौं टेस्ट खेल्दै सचिनले सम्पूर्ण क्रिकेट खेल क्षेत्रबाट सन्न्यास लिएका थिए । क्रिकेट इतिहासमा दुई सयौं टेस्ट खेल्ने सचिन मात्र एक्लो क्रिकेटर हुन् ।

### चेल्सी उपाधि होडमा फर्कियो

लन्डन । चेल्सीले इंग्लिस प्रिमियरसिप लिगको उपाधि होडमा आफ्नो दाबेदारी प्रस्तुत गरेको छ । सोमबार राति निकटतम प्रतिद्वन्द्वी म्यानचेस्टर सिटीमाथि १-० को कठिन जित निकाल्दै चेल्सीले आफूलाई उपाधिको होडमा अग्रसर बनाएको हो । चेल्सीको जितमा एकमात्र निर्णायक गोल ब्रानिस्लाभ इभानोभिकले मध्यान्तरअघि गरेका थिए ।

छिमेकी क्लबविरूद्धको जितपछि चेल्सीका प्रशिक्षक जोसे माउरिन्हो उत्साही भएका छन् । यसै सिजनमा माउरिन्हो स्पेनिस क्लब रियल म्याड्रिडबाट चेल्सी फर्किका थिए । सात वर्षपछि चेल्सीमा आउँदा उनले क्लबलाई पुनः प्रिमियरसिप उपाधि दिलाउन समर्थक तथा व्यवस्थापकलाई वाचा गरेका थिए ।आफूले गरेको प्रतिबद्धता नजिकिँदै गएपछि माउरिन्हो उत्साही बनेका हुन् । लिगमा २४ खेल सकिँदा चेल्सीले ५३ अंक बटुल्दै तेस्रो स्थान बलियो बनायो । सिटीसँग समान अंक जोडे पनि चेल्सी गोलअन्तरमा पछि परेको हो । आर्सनल ५५ अंकका साथ शीर्ष स्थानमा छ । आर्सनलले न्युकास्टललाई हराएर शीर्ष स्थानमा उक्लेको थियो ।

### सांगकाराको छिटो ११ हजार रन

चिटगाउँ । श्रीलंकाली बायाँहाते ब्याट्सम्यान कुमार सांगकारा टेस्ट क्रिकेट इतिहासमा छिटो ११ हजार रन पूरा गर्ने ब्याट्सम्यान बनेका छन् । चिटगाउँमा बुधबार बंगलादेशविरूद्धको दोस्रो तथा अन्तिम टेस्टको दोस्रो दिन सांगकाराले सो उपलब्धि हात पारेका हुन् । उनले पहिलोपटक टेस्टमा तेहोरो शतकका रूपमा ३१९ रन बनाएका छन् । टोलीका पूर्वकप्तानसमेत रहेका सांगकाराको उत्कृष्ट योगदानको मद्दतमा श्रीलंकाले आफ्नो पहिलो इनिङ ५८७ रन बनायो । दिनको समाप्तिसम्म बंगलादेशले एक विकेट गुमाएर ८६ रन जोडेको छ । पहिलो इनिङ्मा बंगलादेश ५०१ रनले पछाडि छ ।

टेस्टमा ११ हजार रन पूरा गर्ने सांगकारा एघारौं ब्याट्सम्यान हुन् । उनकै सानदार प्रदर्शनका कारण दोस्रो टेस्टमा श्रीलंकाले बलियो पकड बनाएको छ । स्टायलिस ब्याट्सम्यान सांगकाराले आफ्नो कीर्तिमानी इनिङ्मा ४८२ बलको सामना गरे । उनले ३२ चौका तथा आठ छक्का प्रहार गरेका थिए । यसअघि लाराले २१३ इनिङ्मा ११ हजार रन पूरा गरेका थिए । सांगकाराले पाँच इनिङ सुधार गर्दै २०८ इनिङ्मा लाराको कीर्तिमान तोडे । सांगकाराले नुआनसँग अन्तिम विकेटका लागि ५४ रनको साझेदारी गरेका थिए । टेस्ट क्रिकेटमा उनले २००६ मा दक्षिण अफ्रिकाविरूद्ध २८६ रनको व्यक्तिगत उच्च योगफल बनाएका थिए ।

सांगकाराले लाराको नाममा रहेको नौ दोहोरो शतकको कीर्तिमान पनि बराबरी गरेका छन् । घरबाहिर सांगकाराले चारपटक दोहोरो शतक बनाए । क्रिजमा २०१ रन पूरा गर्दा सांगकाराले अस्ट्रेलियन पूर्वब्याट्सम्यान स्टिभ वाँको १०९२७ रनलाई पाखा लगाए । श्रीलंकाली टेस्ट इतिहासमा एक इनिङ्मा ६ छक्का प्रहार गर्ने सांगकारा सनथ जयसूर्यापछिका ब्याट्सम्यान भएका छन् । जयसूर्याले सन् २००४ मा बंगालदेशविरूद्ध नै ६ छक्काको रेकर्ड राखेका थिए । टेस्ट क्रिकेटमा अस्ट्रेलियाका महान् ब्याट्सम्यान सर डन ब्राडम्यानले विश्वकीर्तिमानी रूपमा १२ दोहोरो शतक ठोकेका छन् ।

## /Elg va/




### काव्य-संवादमा राष्ट्रकवि

'यो छायाँछवि केही होइन भन्न सक्तछु मै पनि
सुख र दुःख सञ्चित गर्छु यत्नले तैपनि...'

राष्ट्रकवि माधवप्रसाद घिमिरेले काव्य-संवादको सुरुमा 'मानिसजस्तो अनौठो मैले देखिनँ केही पनि' शीर्षक कविता वाचन गरे । त्यसअघि ठट्यौलो प्रसंग सुनाए, 'पस्नासाथ तँ को होस् भनेर (ब्यानरमा रहेको आफ्नै तस्बिरले) चियाएको पो देखें । मलाई पो हेरिराख्या छ- त्यो उमेरको भएदेखि कविता वाचन गर्न सक्दिनथें ।'

उनको वाचनलगत्तै वैरागी काइँला मञ्चमा पुगे । उनले अस्वस्थामा कविताको सुरुको खण्ड आफ्नै शैलीमा सुनाए :

'म युद्ध अपराधी हुँ आफैंले कसरी कहूँ
कहिल्यै नसकिने पीडा सहूँ हे कसरी सहूँ...'

साहित्यकार मदनमणि दीक्षितले राष्ट्रकविका कवितासँगको सान्निध्यबारे बयान गर्दै केही कविता वाचन गरे । उनीपछि पालैपालो रंगकर्मी अनुप बराल, कवि केदार शर्मा, सरस्वती प्रतीक्षा, सनतकुमार वस्ती, ईश्वरमणि अधिकारीदेखि विद्यार्थीहरु अदिति अग्रवाल, युक्ता बज्राचार्य, रितिज न्यौपानेसमेतले घिमिरेका कविता वाचन गरे । गायिका लोचन भट्टराईले गौरी शोककाव्यको अंश गाउँदा आफैं पनि रोइन् र हललाई भावविह्वल बनाइन् । त्यस्तै, गायक अमृत गुरुङले घिमिरेरचित गीत 'ऐना झ्याल पुतलीलाई उड्ने बाटो छैन...' गाएर दर्शकलाई भावुक बनाए ।

काव्य-संवादको अन्तिम चरणमा ९५ वर्ष पुगेका राष्ट्रकवि जोसिए ।

'वैज्ञानिक भन्छन्- यो सृष्टि एक दिन ब्ल्याकहोलमा विलीन हुन्छ, दार्शनिक भन्छन्- ब्रह्ममात्र सत्य हो, यो संसार भ्रम हो,' उनले कविले आफ्नै जीवन दृष्टिकोण बनाउनुपर्नेमा जोड दिँदै भने, 'तर कविको दृष्टिकोण के हो ? कविले अरुले के भने भनेर पछि लाग्ने होइन । जीवनलाई अनुभूत गरेर दृष्टिकोण बनाउनुपर्छ । हामी बाँच्न चाहन्छौं । मृत्युको भय छ, तर त्यसलाई पनि जितेर जिउँछौं । हामीले यथार्थमा बाँचिरहेको जीवन कसरी भ्रम हुन सक्छ ?' कार्यक्रमको अन्त्यमा संस्कृतिविद् सत्यमोहन जोशीले आफू ७० वर्षपहिले घिमिरेको जन्मस्थल लमजुङ बस्दाको क्षण सम्झिए । त्यहाँका लोकगीत गाए ।

### 'थिएटर प्रोफाइल' प्रकाशन हुने

नाट्य संस्था महासंघ (फेटो) नेपालले नाट्य क्षेत्रमा सक्रिय संस्था र रंगकर्मीहरुको परिचय पुस्तक 'थिएटर



प्रोफाइल' प्रकाशित गर्ने भएको छ । श्रीपञ्चमीका दिन सरस्वतीपूजा गर्दै पत्रकार सम्मेलनमार्फत महासंघ स्थापनाको औपचारिक घोषणा गर्दै पहिलो कामका रुपमा 'थिएटर प्रोफाइल'को प्रकाशन तयारी थालिएको अध्यक्ष विजय विस्फोटले जनाए ।

महासंघले प्रोफाइल प्रकाशनका लागि रंगकर्मी केदार श्रेष्ठको संयोजकत्वमा पुर्खाजित राई र सञ्जिता पराजुली सदस्य रहेको समिति गठन गरेको छ ।

कार्यक्रममा वरिष्ठ रंगकर्मी हरिहर शर्माले नाट्य क्षेत्रमा विद्यमान अहंको अन्त्य गरेर रंगकर्मीको पेसागत हकहितका लागि महासंघले काम गर्नुपर्ने बताए । नेपाली नाट्य क्षेत्रमा भएका कार्यको अभिलेखीकरणका लागि महासंघको कदम सकारात्मक रहेको उनको मत थियो । वरिष्ठ रंगकर्मी अशेष मल्ल र देशभक्त खनालले विकल्पको खोजी गर्दै रंगकर्मलाई जारी राख्नुपर्ने उल्लेख गरेका थिए ।

### 'सेतो बाघ'को शुभ मुहूर्त

काठमाडौं । दिवंगत साहित्यकार डायमण्डशमशेर राणाको उपन्यास 'सेतो बाघ'माथि बन्न लागेको सिनेमा र मेगा सिरियलको मंगलबार शुभमुहूर्त गरिएको छ ।



सिनेमा र सिरियल नीर शाहको पटकथा तथा निर्देशनमा बन्न लागेको हो ।

फिल्ममा जंगबहादुर राणाको जीवनका अन्तिम ३० दिनलाई समेत समावेश गरिने निर्देशक नीर शाहले जानकारी दिए । उनका अनुसार सिरियल ९१ भागको हुनेछ । उनले सिनेमा र सिरियलको छायांकन एकसाथ हुने पनि जानकारी दिए । सञ्जय लामाले छायांकन गर्ने चलचित्रमा शम्भुजीत बाँस्कोटाको संगीत रहनेछ । छायांकन फाल्गुन महिनाको पहिलो साताबाट सुरु हुनेछ ।

चलचित्रमा सबैजसो नयाँ कलाकारले अभिनय गर्नेछन् । त्यसका लागि अडिसनबाट ५७ कलाकार छानिएका छन् । मल्टिमिडिया प्रालिले प्रस्तुत गर्ने फिल्मका निर्माता मन्जेश्वरीराज्यलक्ष्मी राणा, पुरण राणा, रवीन्द्रशमशेर राणा र डा. ख्याति राणा हुन् । मेगा सिरियल तथा चलचित्रको बजेट एक करोड लाग्ने निर्माण पक्षले जनाएको छ ।

### झोलेका लागि ताते दीपेन्द्र



हास्यप्रधान फिल्म 'झोले'ले प्रचारप्रसार तीव्र पारेको छ । दीपेन्द्र के. खनालको निर्देशनमा बनेको झोले ९ फागुनमा देशभरका हलमा प्रदर्शन हुँदै छ ।

यसअघि 'द युगदेखि युगसम्म', 'धर्मा', 'चपली हाइट' र 'भिजिलान्ते' फिल्म निर्देशन गरेका निर्देशक खनाल झोलेबाट निकै आशावादी छन् । उनी भन्छन्, 'म फिल्ममा प्रयोग गर्न चाहन्छु । डार्क कमेडी झोले पनि एउटा प्रयोग हो ।' उनले आफ्नो पहिलो फिल्म द युगदेखि युगसम्ममा अभिनेता राजेश हमाललाई युवा गेटअपमा उतारेका थिए भने दोस्रो फिल्म धर्मामा बलिउडमा जमेकी नायिका मनीषा कोइरालालाई दुई दशकपछि नेपाली फिल्म अभिनयमा पुनरागमन गराएका थिए । त्यसैगरी, यौनमनोविज्ञानको कथामा उनले निर्देशन गरेको चपली हाइट सुपरहिट भएको थियो । नेपाली फिल्मको इतिहासमै पहिलोपटक थ्रिडी फिल्म भिजिलान्ते बनाएर उनले तारिफ बटुलेका थिए ।

अहिले आएर डार्क कमेडी झोले बनाएका उनी यसमा पनि नौलो प्रयोग गरेको बताउछन् । थ्रिडी फिल्म प्रोजेक्सन गर्ने पर्याप्त हल नभएकाले भिजिलान्तेबाट घाटा खाएको भए पनि झोलेबाट भने निकै आश लागेको बताउँछन् उनी । 'झोले सबैलाई मन पर्ने व्यंग्यात्मक विषयमा छ,' उनको दाबी छ, 'सन्देश पनि छ । त्यसकारण सफल हुनेमा विश्वस्त छु ।'

रिलिज मिति नजिकिँदै जाँदा पब्लिसिटीमा तातेको झोलेमा दयाहाङ राई, प्रियंका कार्की र अर्जुन गुरुङ प्रमुख भूमिकामा छन् । टेकेन खड्काले निर्माण गरेको फिल्म पुरुषोत्तम प्रधानले खिचेका हुन् ।

## skf/6

### एभरेस्टको नाफा ६८ करोड

एभरेस्ट बैंकले चालू आर्थिक वर्षको पुससमसान्तसम्म ६७ करोड ९१ लाख १९ हजार रुपैयाँ खुद नाफा आर्जन गरेको जनाएको छ । बैंकले गत वर्षको सोही अवधिमा ६४ करोड २४ लाख ६४ हजार रुपैयाँ नाफा कमाएको थियो । बैंकले चालू आवको पुससमसान्तमा १ अर्ब ३० करोड १५ लाख रुपैयाँ खुद ब्याज आम्दानी गरेको छ । सोही अवधिमा बैंकले ५९ अर्ब ९२ करोड २२ लाख रुपैयाँ निक्षेप संकलन गरी ४७ अर्ब ९६ करोड ५१ लाख रुपैयाँ कर्जाप्रवाह गरेको जनाएको छ ।

बैंकले गत वर्षभन्दा ०.१० प्रतिशत खराब कर्जा घटाएको छ । हाल बैंकको प्रतिसेयर नेटवर्थ २ सय ९९ रुपैयाँ छ ।

### एसबिआईको नाफा २० प्रतिशत बढ्यो

नेपाल एसबिआई बैंकको चालू आव दोस्रो त्रैमासिकसम्म खुद नाफा २०.२२ प्रतिशत बढेको छ । गत वर्ष पुस मसान्तसम्म ३८ करोड १८ लाख नाफा कमाएको बैंकले चालू आवको सोही अवधिमा ४५ करोड ९० लाख रुपैयाँ नाफा कमाएको छ । बैंकले सोही अवधिमा ७ करोड रुपैयाँ ब्याज आम्दानी बढेको जनाएको छ । चालू आवको पुस मसान्तसम्म बैंकले ५६ अर्ब ४४ करोड निक्षेप संकलन गरी ३२ अर्ब ३२ करोड रुपैयाँ कर्जा लगानी गरेको छ ।

### स्वावलम्बनका ग्राहक सम्मानित

स्वावलम्बन लघुवित्त विकास बैंकले १२औं वार्षिकोत्सव अवसरमा ग्राहक सदस्यलाई सम्मान गरेको छ । सिराहास्थित लहान नगरपालिकामा आयोजित कार्यक्रममा २० वर्षदेखि संस्थामा आबद्ध ग्राहक सदस्य सम्मानित भएका हुन् ।

बैंकको शाखा कार्यालय, महुली, सप्तरीमा २० वर्षदेखि आबद्ध ग्राहक सदस्य फुलेश्वरी चौधरीको सभापतित्वमा आयोजित कार्यक्रममा विभिन्न शाखा कार्यालयका २१ ज्येष्ठ ग्राहक सदस्यलाई सञ्चालक समिति सदस्य रामप्रसाद पाण्डे र कार्यकारी प्रमुख अमराज खड्काले दोसल्ला ओढाई कदरपत्रसहित सम्मान गरेका थिए । बैंकले हाल मुलुकभर एक सय आठ शाखा-उपशाखाबाट लघुवित्त सेवा उपलब्ध गराउँदै आएको छ ।

### किस्टमा लम्साल सिइओ, शेरचन नायब सिइओ

किस्ट बैंकले दुई महिनापछि नयाँ नेतृत्व पाएको छ । यसअघि सानिमा बैंकमा प्रमुख कार्यकारी अधिकृत रहेका कुमार लम्सालले किस्ट बैंकमा सिइओका रुपमा जिम्मेवारी सम्हालेका छन् । त्यसैगरी प्रभु विकास बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले किस्टमा नायब सिइओका रुपमा कार्यभार सम्हालेका छन् ।

बैंक व्यवस्थापनको उच्च पदमा नियुक्त भएपछि उनीहरुले आइतबारदेखि विधिवत् काम थालेका हुन् । लम्साल सुरुमा सानिमा विकास बैंकमा नायब महाप्रबन्धक थिए । सोही भूमिकाबाट उनले सानिमालाई राष्ट्रिय स्तरको वाणिज्य बैंकमा स्तरोन्नति गरेपछि प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी पाएका थिए । लम्सालले पछिल्लोपटक सानिमामा कार्यकाल ४ वर्ष थपिए पनि किस्टमा जाने भएपछि गत महिना पदबाट राजीनामा दिएका थिए । त्यसैगरी, शेरचनले पनि प्रभु फाइनान्सको सर्वोच्च पदमा रहेर राष्ट्रिय स्तरको विकास बैंकमा रुपान्तरण गरेका थिए । उनले प्रभुमा करिब ६ वर्ष नेतृत्व दिएर कुशल कार्यकारी अधिकृतको पहिचान स्थापित गरेका छन् ।

प्रभु समूहले किस्ट बैंकमा बहुमत सेयर लिने तयारी गरेको छ । यसैक्रममा प्रभु विकास बैंकमा कुशल नेतृत्व दिएका शेरचनलाई किस्टमा नायब सिइओ बनाएर पठाएको हो । बैंक सञ्चालक समिति सदस्यमा प्रभु समूहको तर्फबाट चारजनाको नियुक्ति भइसकेको छ । सञ्चालक समितिमा प्रभु समूहका तर्फबाट परमेश्वरलाल श्रेष्ठ, पुष्प प्रधान, दक्ष पौडेल र कुसुम लामा रहेका छन् । विकास बैंकलाई वाणिज्य बैंकमा रुपान्तरण गर्ने योजनामा रहेको प्रभु समूहलाई राष्ट्र बैंकले वाणिज्य बैंकमा जाने अनुमति नदिएपछि किस्टको सेयर खरिद गरेको हो ।

### कमर्ज बैंकको सहयोग

कमर्ज एन्ड ट्रस्ट बैंक नेपालले इटहरीस्थित नेपाली सेनाको पूर्वी पृतनाद्वारा सञ्चालित सर्पदंश सामुदायिक उपचार केन्द्रमा आउने बिरामीका लागि चारवटा हस्पिटल बेड उपलब्ध गराएको छ । संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत प्रदान गरिएका बेड प्रमुख कार्यकारी अधिकृत अनलराज भट्टराईले नेपाली सेना पूर्वी पृतनापति मेजर जनरल विनोद बस्न्यातलाई हस्तान्तरण गरेका थिए ।

### जनताको महेन्द्रनगरमा शाखा

जनता बैंक नेपाल लिमिटेडले सोमबारबाट आफ्नो २६औं शाखा पश्चिमाञ्चलको महेन्द्रनगरमा सञ्चालनमा ल्याएको छ ।

पुनरावेदन अदालतका मुख्य न्यायाधीश देवेन्द्रगोपाल श्रेष्ठ र बैंकका सञ्चालक समितिका अध्यक्ष एवं पूर्वकानुन सचिव उदय नेपाली श्रेष्ठले संयुक्त रुपमा सो शाखाको उद्घाटन गरेको बैंकले सोमबार जारी विज्ञप्तिमा उल्लेख छ ।

ग्रामीण क्षेत्रमा समेत आधुनिक बैंकिङ सेवा विस्तार गरी देश विकासमा योगदान गर्ने उद्देश्य पूरा गर्ने क्रममा बैंकले हालसम्म २६ वटा शाखा र दुई एक्स्टेन्सन काउन्टरबाट ग्राहकलाई सेवा दिएको जनाएको छ । चुक्तापुँजी २ अर्ब ६ करोड रुपैयाँ रहेको बैंकले हालसम्म करिब ८० हजारभन्दा बढी ग्राहकलाई सेवा दिनका साथै करिब १५ अर्ब रुपैयाँ निक्षेप संकलन र १३ अर्ब रुपैयाँभन्दा बढी कर्जा प्रवाह गरिसकेको छ ।

## कालोसूचि...

छन् । कालोसूचिबाट नेपाल मुक्त हुनेछ । स्मरणीय छ, नेपालले २ थान एयरबसका लागि चौथो र पाँचौं किस्ता पठाइसकेको छ । एयरबस युरोपमै बन्छ र ती एयरबसलाई युरोपमा उडान गर्न युरोपियन आयोगले कसरी रोक्न सक्छ ? प्रश्न गम्भीर छ । सबैलाई थाहा छ, चीनसँग जहाज किन्ने निर्णय गरेपछि युरोपले आफ्नो व्यापार घटेको आवेगमा नेपाललाई कालो सूचिमा राखेको मात्र हो ।

## संविधान लेख्न...

संविधानसभा सञ्चालन गर्न जेष्ठ सदस्य राप्रपाका सभासद सूर्यबहादुर थापाले अर्को नियम नबनेसम्मे पुरानै (०६४) नियमावलीबाट संविधानसभा सञ्चालन गर्ने प्रस्ताव पास गराइसकेका छन् । फेरि एनजिओले बनाएको नियमावलीको के काम ? संविधानसभा सचिवालय मौन छ ।

संविधानसभाको बैठक सुरु भइसकेको छ र सभा कसरी चलाउने भन्ने एउटा नियम आफैं बनाउन सक्दैन भने यस्तो संविधानसभाले संविधान कसरी बनाउला ? गगन थापा, रविन्द्र अधिकारीजस्ता युवा सभासद् भन्छन्, संविधनसभाभित्र एनजीओ छिरिसक्यो, हामी सक्रिय, सचेत नहुने हो भने संविधान पनि एनजीओवालाहरुले ड्राफ्ट गरेर हाम्रो ल्याप्चे खोज्न बेर छैन ।

## पुष्पकमलले...

देखेर धेरैले आश्चर्य मानेका छन् । यसैबीच पुष्पकमलले पार्टीको आर्थिक कारोबार छाडेका छन् । प्रचण्डमा केही सुधार त आयो तर पदलोलुपता कम भएन भन्ने गुनासो बढ्दै गएको छ । भट्टराई पक्ष भन्छ- पार्टी समाप्तिको बाटोतिर लाग्यो, काजी भन्दैछन् अवसर गुम्दै छ ।

## दाहालका...

भएको छ । केन्द्रिय समिति बैठकमै अध्यक्ष दाहालले आफ्नो छोरा प्रकाश दाहाललाई सचिवालयमा नराख्ने, आर्थिक कारोबार पार्टीको आर्थिक विभागबाट मात्र गर्ने र मिडियामा छिटो प्रतिक्रिया नदिने प्रतिबद्धता पनि जनाएका छन् । विगत लामो समयदेखि पार्टीले आर्थिक कारोबार गर्दा अध्यक्ष दाहालको आदेश अनुसार मात्र हुने गरेको भन्दै अधिकांश सदस्यहरूले पार्टीको आर्थिक विभागमार्फत आर्थिक कारोबार हुनुपर्ने माग गरेपछि दाहालले अब आर्थिक कारोबार पार्टीको आर्थिक विभाग मार्फत् गराउन सहमत भएका छन् ।

अध्यक्ष दाहालले केन्द्रिय समितिमा प्रस्तुत गरेको प्रतिवदनमाथि नेता डा.भट्टराईले लक्षित गर्दै पछिल्लो संविधानसभा सापेक्ष रूपले बढी प्रगतिशिल रहँदा पनि संविधान निर्माणमा कम ध्यान दिएको तर दोस्रो संविधानसभामा बढी प्रतिगामी, यथास्थितिवादी प्रति बढी आशक्ति रहनुलाई वैचारिक राजनीतिक अस्पष्टता र विचलनको अभिव्यक्तिको संज्ञा दिएका छन् । पार्टीको केन्द्रिय समितिको बैठकले आगामी वैशाख १८ गते मजदुर दिवसका दिन पार्टीको राष्ट्रिय सम्मेलन उद्‌घाटन गर्ने र सोही सम्मेलनबाट राजनीतिक तथा वैचारिक विषय मिलाउन दुई वर्षभित्र पार्टीको महाधिवशन गर्ने निर्णय गरेपछि त्यसमा अध्यक्ष दाहालले प्रतिबद्धता जनाएका छन् । केन्द्रिय समितिको बैठकमा नेता भट्टराईले भने राष्ट्रिय सम्मेलनको सट्टा पार्टीको महाधिवेशन नै बोलाउनु पर्ने अडान लिएका भएपनि केन्द्रिय समितिमा दाहाल पक्षीय नेताहरूको बाहुल्यता रहेको कारण भट्टराईको माग अस्वीकृत भएको थियो । भट्टराईले पाटीभित्र जन्मिएको गुट, उपगुटहरूको अन्त्य गर्दै भौतिकवादी प्रणाली स्थापना र विकास गर्नुपर्ने अस्थायी विचार समूह र स्थायी गुट उपगुटमा भेद, आलोचनात्मक चेत र प्रवृत्तिको प्रवर्द्धन र संरक्षण गरिनुपर्ने भनाइ राखेपनि भट्टराईको उक्त भनाइप्रति खासै छलफल र बहस नभएको एक नेताले बताएका छन् । नेता भट्टराईको प्रस्तावमाथि अधिकांश सदस्यहरूले विरोध जनाएपछि डा. भट्टराई अध्यक्ष दाहालको अगाडि निरीह साबित भएका छन् ।

## ग्रिनकार्ड र...

भएको छ । हालै एक उपसचिव भरत सुवेदी सहसचिवमा बढुवा भइसकेका छन् ।

सहसचिव चण्डी दाहाल र लक्ष्मण मैनालीलाई लोकसेवा आयोगले सचिव बढुवाका लागि सिफारिस गरेको छ । दाहाल र मैनाली अमेरिकाको ग्रिनगार्ड र सुवेदीले अष्ट्रेलियाको पिआर लिएका छन् । ग्रिनकार्ड र पिआर लिने प्रवृत्ति बढेपछि त्यसलाई नित्साहित गर्न मुख्यसचिव लिलामणि पौडेलले सक्रियता देखाएपछि त्यस्ता व्यक्तिविरुद्ध उजुरी गर्नेहरूको संख्या मन्त्रिपरिषद् र अख्तियारमा बढेपनि हालसम्म कसैलाई कारबाहीको दायरामा ल्याउन सरकार असफल र असक्षम सावित भएको छ । मन्त्रिपरिषद्‌मा परेका उजुरीहरू सामान्य प्रशासन मन्त्रालयमा पठाउने बाहेक अन्य केही कार्य हुन सकेको छैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विदेशमा स्थायी बसोबास वा नागकिरता लिएर जागिर खाने व्यक्तिहरूको नामावली संकलन गरी कारबाहीका लागि प्रस्ताव ल्याउन सरकारसँग आग्रह गरेको छ ।

अख्तियारले त्यस्ता व्यक्तिहरूलाई के करबाही गर्ने भनेर गृहमन्त्रालय र परराष्ट्र मन्त्रालयको राय मागेको सुत्रले बताएको छ । त्यस्ता व्यक्तिहरूलाई दण्डनीय नबनाएसम्म अकूत सम्पत्ति कमाएर त्यो पैसा विदेशमा रहेका आफ्ना परिवारलाई पठाउने गरिएको र आफू भने डेरामा बस्ने गरेको सुत्रले दाबी गरेको छ । त्यस्ता ग्रिनकार्ड र पिआर लिएका व्यक्तिहरूको बैंक ब्यालेन्स समेत छैन । सरकारका केही सचिवहरू समेत ग्रिनकार्ड र पिआर लिएर जागिर खाइरहेका र उनीहरूको परिवार विदेशमै रहेका छन् ।

वन तथा भूसंरक्षण मन्त्रालयका सचिव गणेशराज जोशीले समेत पहिला नै जर्मनी बसोबास गर्ने अनुमति लिएको अख्तियारमा उजुरी परेको छ । स्मरण रहोस् जोशी अख्तियारबाट केही समय पहिला मात्र वन मन्त्रालयको सचिवमा सरुवा भएर आएका हुन् । जोशी वर्षमा एकमहिना जर्मनी बस्ने गरेका छन् । यसरी विदेशमा बस्ने अनुमति लिनेहरूलाई कारबाही गर्नु पर्ने निकाय अख्तियार, सामन्य प्रशासन मन्त्रालय र मन्त्रिपरिषद् तथा प्रधानमन्त्रीको कार्यालयमै केही व्यक्तिहरू जागिर खाइरहेका छन् ।

अख्तियारमा काजमा रहेका इन्जिनियर मनोज कँडेलले डिभीमार्फत् अमेरिकाको ग्रिनकार्ड लिएका छन् भने सामान्य प्रशासन मन्त्रालयका उपसचिव खेमराज निरौला विदा मिलाएर डिभी परेपछि अमेरिका हानिएका छन् । त्यसैगरी नेपाल राष्ट्रबैंकका डेपुटी गभर्नर गोपाल काफ्ले पनि ग्रिनकार्ड होल्डर हुन्, उनको परिवार अष्ट्रेलियामा बसोबास गरिरहेका छन् । अर्थमन्त्रालयका नवराज भण्डारीले पनि अमेरिकाको ग्रिनकार्ड लिएका छन् । निजामति किताब खानाका निर्देशक बलदेव जोशी न्यूजिल्यान्डको स्थायी बसोबासको अनुमति पाएका व्यक्ति हुन्, त्यस्तै कानुन मान्त्रालयका शाखा अधिकृत कृष्ण ज्ञवाली र कानुन मन्त्रालयबाट दुरसञ्चार बोर्डमा प्रतिनिधित्व गर्ने सहसचिव धनराज ज्ञवाली पनि अष्ट्रेलियाको पिआर लिएका व्यक्तिहरू हुन् भनि उजुरी परेको छ ।

विमानस्थल भन्सार कार्यालयका प्रमुख योगेन्द्र ओभ्रा पनि ग्रिनकार्ड होल्डर भएको आरोप लागेपनि अहिलेसम्म आरोपित व्यक्तिहरूले त्यसका बारेमा केही नबोलेका हुनाले समाचार सत्य भएको प्रमाणित भएको छ । पेन्सन लिएका सयौं व्यक्तिहरू विदेशमा स्थायी बसोबास गर्ने गरेका र वर्षमा एक पटक आएर पेन्सन लिएर विदेश जाने गरेका हुनाले अब विदेशमा स्थायी बसोबासको अनुमति लिएका व्यक्तिहरूको पेन्सन रोक्का र जागिर खाइरहेका व्यक्तिहरूलाई जागिरबाट नहटाउने हो भने त्यस्ता व्यक्तिहरू नै देशका लागि घातक सावित हुन सक्छन् ।

## एमाओवादी...

विरूद्धमा सडकमा उतार्ने चेतावनी समेत दिएका थिए ।

विष्टले भ्रष्टाचारको मुद्दालाई अख्तियारले हेरिरहेको जानकारी दिँदै चाँडोभन्दा चाँडो त्यो मुद्दा छानविन गर्न अख्तियार र राज्यलाई सबै खालको सहयोग गर्न र जानकारी उपलब्ध गराउन आफुहरू तयार रहेको उद्‌घोष समेत गरेका थिए । एमाओवादी पार्टी नेता र डिभिजन कमाण्डरहरूले नै सबै पैसा खाएको आरोप लगाउँदै अध्यक्ष विष्टले अघि भने राज्यले दिएको पैसा कि राज्यले नै फिर्ता लियोस् कि सम्बन्धित जनमुक्ति सेनालाई दिइयोस् । विष्टलाई विभिन्न झुठा मुद्दामा न्यायाधीश रामप्रसाद ओलीको इजलासले १ करोड धरौटी राख्नु पर्ने आदेश दिएपछि धरौटी राख्न नसकेपछि उनी २०६९ माघ १० गतेदेखि थुनामा थिए भने २०७० माघ ९ गते वालेन्द्र रूपाखेतीको इजलाशसले विष्टलाई सफाई दिने फैसला गरेपछि विष्ट २०७० माघ १० गते कारागार मुक्त भएपछि उनले पहिलो पत्रकार सम्मेलन गर्दै एमाओवादी भ्रष्टाचारी र तस्करीको अखडा बनेको आरोप लगाएका हुन् । विष्टले लगाएका आरोपका बारेमा एमाओवादी नेतृत्व र पार्टीले भने हालसम्म केही बोलेको छैन ।

## अधिकारी...

कृष्णप्रसाद अधिकारीलाई २०६१ जेठ २४ गते रत्ननगरमा तत्कालीन माओवादीका कार्यकर्ताहरूले अपहरण गरी हत्या गरेका थिए । हत्यामा संलग्नलाई कारबाहीको माग गर्दै बाबुआमाले पटक-पटक अनशन बसेपनि सरकारले हत्यामा संलग्न भएकाहरूलाई पक्रेजस्तो गरी प्रमाण नपुगेको भन्दै रिहा गर्ने गरेको हुनाले पछिल्लो पटक अधिकारी दम्पत्ति वीर अस्तालमा आमरण अनशनमा बसेका छन् । उनीहरूको अनशनले एक सय सात दिन पुग्दा पनि सरकार अधिकारी दम्पत्तिको जीवनरक्षाको लागि सक्रिय भएको देखिँदैन । सरकारले झारा टार्ने काम मात्र गरेको हुनाले सरकारका आँखा खुलाउनका लागि चितवनमा दिउँसै मैनबत्ती बालेर विरोध गरिएको मृतकका काका ठाकुरप्रसाद अधिकारीले जनाएका छन् ।

हत्यामा संलग्न भएको भन्दै मृतकका दाजु नूरप्रसादले जिल्ला प्रहरी कार्यालय चितवनमा ११ जना विरूद्ध किटानी जाहेरी दिएपनि प्रहरी प्रशासनले वर्षौंसम्म वेवास्ता गरेपछि मृतकका बाबुआमा आमरण अनशनमा बस्न बाध्य भएका हुन् । प्रहरीले किटानी जाहेरीमा परेका ११ जना मध्ये दुई जनालाई पक्राउ गरी २५ दिन हिरासतमा राखेपनि अनुसन्धानको क्रममा प्रमाण नपुगको भन्दै रिहा गरेको थियो ।

चितवन प्रहरीले केही समय पहिला हत्यामा तीनजनाको संलग्नता रहेको र दुई जनाको पहिचान समेत भइसकेको बताएपनि अहिलेसम्म उनीहरूलाई पक्राउ गर्न प्रहरी असफल भएको छ । मृतकका दाजुले किटानी जाहेरीमा उल्लेख गरेका ११ जना मध्ये कोही पनि ती नभएको प्रहरीले जनाएको थियो । मानवअधिकारवादी संघसस्था र मानवअधिकार आयोगले समेत सरकारलाई हत्यामा संलग्न भएकाहरूलाई कारबाही गरी पीडितलाई न्याय दिँदै क्षतिपूर्ति दिन आदेश दिएपनि अहिलेसम्म त्यो हुन सकेको छैन ।

नाम चलेका डाक्टर अनशनमा बसेको केही दिनभित्रैमा उनका माग पुरा गर्ने प्रतिबद्धता जनाउने सरकारले गरिब र निमूखा जनताको माग पुरा गर्ने प्रतिबद्धता जनाएपनि त्यो व्यवहारमा लागु नभएपछि सरकारको नैतिकता र विश्वसनीयता माथि नै प्रश्न चिन्ह खाडा भएको छ । अधिकारी दम्पत्तीको आमरण अनशनकै क्रममा निधन भएमा त्यसको दोष सरकारमाथि जाने हुँदा अधिकारी दम्पत्तिको जीवन रक्षा गर्न सरकाले अग्रसरता देखाउनै पर्छ ।

## बिओकेमा श्रेष्ठको अवधि थप

काठमाडौं । बैंक अफ काठमान्डु (बिओके) लिमिटेडको १६ माघमा बसेको सञ्चालक समिति बैठकले प्रमुख कार्यकारी अधिकृत अजय श्रेष्ठलाई थप चार वर्षका लागि ( १३ फागुन ०७० देखि) पुनः नियुक्त गरेको छ ।

बैंक अफ काठमान्डुको विगत चार वर्षको दौरानमा निक्षेप ५२.७२ प्रतिशत र कर्जा ४९.०२ प्रतिशतले वृद्धि भएको छ । यस्तै शाखा संख्या ३३ बाट ५० पुगेको छ भने एटिएमको संख्या ३८ बाट ५८ पुगेको छ ।

## शिवले भने- नेतालाई भाङ खुवाउँछु

काठमाडौं । सुगम ग्यासका मालिक सिलिण्डरकाण्डमा फस्दा भाङ ख्वाएर छुटेनन् मात्रै एलपी ग्यास उद्योग संघका अध्यक्ष नै बन्न सफल भएका छन् । शिवप्रसाद घिमिरे 'भाङ' (घुस) ख्वाएर प्रहरी र प्रशासनसँग काम लिन खप्पीस शिवप्रसाद माघ १८ गते घरमा लाइसेन्स नभएको बेलायती रिभल्भर र ११ थान गोली राखेको प्रकरणमा फस्न पुगेका छन् । उनका छोरा सुगमले साथीभाइसँग बन्दुकको धाक लगाउँदै गर्दा पक्राउ परेपछि ग्यास उद्यम संघका अध्यक्ष शिवप्रसाद घिमिरे 'हतियारकाण्ड' मा फस्न पुगेका छन् ।

प्रहरी भन्छ- शिवप्रसाद अस्पतालमा छन्, उनका छोरा हिरासतमा । शिवप्रसादका चाटुकारहरू 'भाङ' बोकेर नेताका घर घरमा धाउन थालेका छन् सबैले देखेका छन् । यसपटक पनि शिवप्रसाद भाङ ख्वाएर छुट्लान त ?

## पुष्पकमललाई प्रकाशको सुराक

काठमाडौं । पुष्पकमल पुत्र प्रकाशले बाबुलाई सुराक दिएका छन्- कमरेड वैद्यसँग एकता गरेर अघि बढे बाँकी सपना पूरा हुनेछ । अहिलेको आवश्यकता यही हो । प्रकाशको सुराक आउनुअघि सुध्रेर आउने भए 'सँगै जान सकिन्छ' भनेर वैद्यले पटक-पटक भनिसकेका छन् । देव गुरुङले पनि सच्चिएर आए - राजनीतिक सम्मेलन स्वीकार गरे सँगै हिँड्न सकिन्छ भनिसकेका छन् ।

नेकपा-माओवादीको प्रस्तावको अध्ययन गरेर पुत्र प्रकाशले बाबु पुष्पकमललाई सायद जीवनमै पहिलोपल्ट सही सुराक दिएका छन् भनेर राजनीतिक विश्लेषकहरूले विश्लेषण गर्न थालेका छन् ।

## सूचना केन्द्र बन्द, पर्यटकलाई सास्ती

गोरखा । सदरमुकामस्थित गोरखा संग्रहालयमा पर्यटकलाई लक्षित गरी स्थापना भएको सूचना केन्द्र दुई महिनादेखि बन्द भएको छ । सूचना केन्द्र बन्द भएपछि पर्यटकले सास्ती भोग्नुपर्ने अवस्था छ । पर्यटकका लागि खोलिएको सूचना केन्द्रमा जडान गरिएको इन्टरनेटको पैसा तिर्न नसकी लाइन काटिएको छ भने भएका कम्प्युटर पनि बिग्रिसकेका छन् । विदेशी पर्यटक संग्रहालय अवलोकन गर्न आउँदा तल्लो प्रवेशद्वारमै अलमलमा पर्ने गरेका छन् ।

सूचना पाइने आशमा केही पर्यटक पर्यटन सूचना केन्द्र नियालिरहेका हुन्छन् भने केही कता जाने अलमलमा पर्छन् । 'आर्थिक अभावका कारण सूचना केन्द्र चलाउन नसकेपछि निजी क्षेत्रलाई जिम्मा दिने तयारी गरिरहेका छौं,' पर्यटन सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति अध्यक्ष दिनेशराज पन्तले भने । सूचना केन्द्रसँग रकम नभएको तथा सरोकारवाला निकायको बेवास्ताका कारण सञ्चालन गर्न नसकिएको समितिले जनाएको छ । सात महिनाअघि मात्र पर्यटनमन्त्री रामकुमार श्रेष्ठले पर्यटन केन्द्रमा उद्‌घाटन गरेको साइबर पनि बन्द भएको छ । गृहजिल्ला गोरखाका पर्यटनमन्त्री श्रेष्ठले त्यति वेला भनेका थिए, 'जिल्लाको पर्यटन विकासका लागि योजनासहित आउनुस्, सक्दो सहयोग गर्नेछु ।'

प्रतिबद्धता जनाएको चार महिना नबित्दै उनैले उद्‌घाटन गरेको पर्यटन सूचना केन्द्रको साइबर तीन महिनादेखि बन्द छ । जिल्लालाई धार्मिक तथा सांस्कृतिक पर्यटकीय स्थलका रूपमा विकास गर्ने अभियानमा जुटेका सरकारी तथा गैरसरकारी निकायले सूचना केन्द्र खुलाउन चासो नदिएको स्थानीय बताउँछन् । 'पर्यटनमन्त्रीकहाँ सहयोगका लागि प्रपोजल पु-याएका छौं, तीन/चारपटक भेटिसके पनि बजेट आएन,' सूचना केन्द्र सञ्चालन समितिका एक सदस्यले भने । मन्त्रीले बजेट नपठाउँदा, केन्द्र सञ्चालन र नियमित खर्च व्यवस्थापन कसले गर्ने भन्नेमा सरोकारवाला निकायबीच मतभेद बढ्दै गएपछि बन्द भएको हो ।

गोरखा नगरपालिका, जिविस, गोरखा संग्रहालय, दरबार हेरचाह अड्डाजस्ता पर्यटन क्षेत्रमा काम गर्ने सरकारी निकाय केन्द्र सञ्चालन गर्न बजेट नभएको भन्दै पन्छिँदै आएका छन् । गोरखा संग्रहालयभित्र सञ्चालन गरिएको सूचना केन्द्रमा आन्तरिक तथा बाहृय पर्यटकले जिल्लाको भौगोलिक, पर्यटकीय, सांस्कृतिक स्थल आदिबारे जानकारी लिँदै आएका थिए ।

**अनुशासन र नैतिकता विहीन व्यक्ति पशु भन्दा पनि तुच्छ हुन्छ। यसैले राष्ट्रिय जीवनका हरेक आयामहरुमा उदाहरणीय अनुशासन र नैतिकता कायम गर्न आजैदेखि आफैंबाट त्यसको सुरुवात गरौं ।**

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुढुनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५६६९९,बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार